# परिच्छेद एकः परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानवीय जीवनभरमा प्राप्त हुने गरेका सम्पूर्ण अनुभवहरूको समष्टिगत रूप हो, जीवनपर्यन्त चलिरहने एक गतिशिल प्रक्रिया हो । शिक्षा व्यक्तिका आधारभुत आवश्यकताहरू मध्ये एक हो । शिक्षाले व्यक्तिमा अन्तर्निहित क्षमतालाई सम्भाव्य मात्रामा पूर्ण विकसित गराउने कार्य गर्दछ । शिक्षा देश विकासको मेरूदण्ड हो साथै यसलाई परिवर्तनको संवाहक पनि भन्न सकिन्छ । विश्वका सम्पूर्ण देशको आर्थिक, सामाजिक तथा राजनैतिक विकासमा शिक्षाको महत्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षाको अभावमा कुनै पनि क्षेत्रको विकास हुन सक्दैन । यसरी हरेक राष्ट्रले राष्ट्र विकासका लागि शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकत दिनुपर्ने हुन्छ । मानिसले आफ्नो जीवनका आवश्यकताहरू प्राप्त गर्न, सुयोग्य नागरिक भई जीवनयापन गर्न, बौद्धिक, आध्यात्मिक र संवेदनशील सामाजिक प्राणीका रूपमा स्वयंलाई अंगीकार गर्नुपर्दछ । यसका साथै सामाजिक र भौतिक विश्व परिवेशसँग परिचित हुन, विगतका अनुभवबाट वर्तमानको खोजमा संलग्न हुन र भविश्यप्रति सचेत रही समाजको अध्ययन पनि गर्नुपर्दछ । यी सम्पूर्ण विषयवस्तुको अध्ययन गर्नु नै सामाजिक अध्ययनको मूल लक्ष्य हो ।

मानिस एक सामाजिक प्राार्णी भएकोले उसले गर्ने प्रत्येक क्रियाकलापहरू उसको परिवार, छरछिमेक, नातागोता आदि सँग गाँसिएका हुन्छन् । त्यसैले व्यक्तिले आफ्नो घरपरीवार, समाज र सामाजिक परिवेशका वारेमा बुझ्न जरूरी छ । यसै उद्देश्य पूरा गर्नका लागि विद्यालय तहमा सामाजिक अध्ययन विषयको पठनपाठन सिफारिस गरेकोपाइन्छ । व्यक्ति समाजको एक जिम्मेवार सदस्य पनि भएकोले उसले आफ्नो घर परिवार, समाज, राष्ट्र र विश्वको वारेमा आवश्यक अध्ययन गरी ज्ञान आर्जन गर्न सकोस् भन्ने उद्देश्यका साथ सामाजिक शिक्षा विषयको जन्म भएको देखिन्छ । समाज व्यक्ति व्यक्ति मिलेर बनेको हुनाले समाजलई सुसंचालन गर्ने कार्य पनि व्यक्तिबाटै शुरू गरी उसलाई असल व्यक्ति वनाउने ध्येय यस विषयको रहेको पाइन्छ । यस विषयले व्यक्तिमा प्रेम, सहानुभुति, भातृत्वको भावना, सहिष्णु जस्ता व्यक्तिगत तथा सामाजिक गुणहरूको विकास गराउँछ भन्ने धारणा विभिन्न विद्वानहरूको रहेको पाइन्छ ।

Joralmik, 1968 का अनुसार “सामाजिक अध्ययन एक समष्टि विषय भएता पनि यसले एक सुनिश्चित अर्थ बुझाउँछ । यसले प्रारम्भिक विद्यालयमा पाठ्यक्रमको त्यस क्षेत्रलाई बुझाउँछ जसले मानवीय सम्बन्ध सम्वन्धी सीप र समझदारी विकास गर्न मद्दत गर्दछ । यसको मानवको अध्ययनसँग सम्वन्ध हुनाको साथै यसमा एक व्यक्तिको अन्य मानिस र वातावरणसितको सम्वन्धको अध्ययन गरिन्छ ।” (लुईटेल, २०६४)।

Wesley & Wonskey को शब्दमा “सामाजिक अध्ययन एक यस्तो क्षेत्र हो जनु सामाजिक विज्ञानहरूमाथि आधारित छ जसले मूख्यरूपले मानवीय सम्वन्धको अध्ययन गराउँदछ । सामाजिक विज्ञानका विभिन्न विधाहरूबाट आवश्यकता अनुसार महत्वपूर्ण सारसंक्षेप छनौट गरेर जम्मा गरी सामाजिक शिक्षामा समावेश गरिएको पाइन्छ ।” ( Agrawal, 1997)

विशेषत प्रथम विश्वयुद्धले तहसनहस पारेको विश्वबाट हत्या, आतंक, दमन र पीडित मानव समाजको उत्थान गर्ने लक्ष्यले सर्वप्रथम सन् १९१६ मा संयुक्त राज्य अमेरीकाले सामाजिक शिक्षालाई विद्यालय तहका पाठ्यक्रममा समावेश गरेको थियो । तत्पश्चात यसको महत्व बढ्दै विस्तारै बढ्दै गएर विश्वीकरण भएको पाइन्छ । समुदायमा शान्त, स्वच्छ वातावरणको सुसंगठन, संरक्षण र सम्बर्द्धन गरी मानव-मानव वीचको सम्बन्ध सुमधुर वनाई एक आपसमा भाइचाराको भावना विश्वका प्रत्येक नागरिकमा जगाउने कार्यमा सामाजिक शिक्षा विषयको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । (शैक्षिक जनशक्ति विकास केन्द्र, २०६२ )

नेपालमा समाजिक शिक्षाको अध्ययन अध्यापन कार्य वि.सं. २००७ साल पश्चात मात्र भएको देखिन्छ । वि.सं. २०१७ सालमा ल्याब्रटोरी मा.वि.ले परीक्षणका रूपमा लागु गऱ्यो । वि.स. २०२८ सालबाट सबै प्राथमिक विद्यालयमा सामाजिक शिक्षाको पाठ्यक्रम लागु गरियो । वि.स. २०२८ सालमा रा.शि.प.यो. लागु भएपछि नेपालमा माध्यमिक विद्यालयहरूलाई साधारण, संस्कृत र व्यवसायिक गरी तीन तहमा विभाजन गरियो । प्राथमिक विद्यालय र निम्न माध्यमिक तहमा १०० पूर्णाङ्कको सामाजिक अध्ययन अनिवार्य विषयका

रूपमा राखियो भने मा.वि. तहमा साधारण मा.वि. र संस्कृत मा.वि.मा भूगोल, इतिहास र पञ्चायत तीन विषयलाई सामाजिक अध्ययनका रूपमा लागु गरियो तर व्यवसायिक मा.वि.मा भने जम्मा ५० पूर्णाङ्कको पञ्चायतलाई मात्र समावेश गरियो । वि.स. २०३८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना असफल भएको मूल्याङ्कन र परीक्षणबाट देखिएकोले सामाजिक शिक्षालाई कक्षा १ देखि ७ सम्म १०० पूर्णाङ्कको अनिवार्य विषयको रूपमा र मा.वि. ( ८-१०) तहमा कक्षा ८ भूगोल ७५ पू., इतिहास ७५ पू. र पञ्चायत ५० पूर्णाङ्कको अनिवार्य विषयको रूपमा समावेश गरियो । कक्षा ९ र १० मा सामाजिक विज्ञान समूहका इतिहास, भूगोल, नागरिक शास्त्र र अर्थशास्त्र मध्ये एक विषयलाई ऐच्छिक विषयको रूपमा छनोट गर्न पाइने व्यवस्था गरियो । वि.सं. २०४६ सालपछि प्रजातन्त्रको लहरले शिक्षा क्षेत्रलाई पनि प्रभाव पाऱ्यो फलस्वरूप पाठ्यक्रमलाई समयसापेक्ष वनाउने क्रममा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को सिफारिस अनुसार सामाजिक शिक्षालाई प्राथमिक तहदेखि माध्यमिक तहसम्म अनिवार्य विषयको रूपमा राखिएको छ । ( सामाजिक अध्ययन शिक्षण) । सामाजिक अध्ययनमा समावेश भएका विषयवस्तुहरू घोकेर कण्ठ गर्नुभन्दा व्यवहारीक रूपमा प्रयोगमा ल्याउनुपर्छ । यो विषय मानव उपयोगी एवं जीवनमा उपयोग गरेर आफुलाई असल नागरिकको रूपमा प्रतिस्थापित गराउन सहयोग पुऱ्याउने विषय हो । एक्काइसौ सताव्दीको पूर्वाद्धमा पाइला टेक्दै गरको आजको समाज र मानव वीच स्पष्ट प्रतिविम्व देखाउने दर्पणको रूपमा सामाजिक अध्ययनलाई लिन सकिन्छ । यसले हामीलाई हाम्रो समुदाय, सभ्यता, राष्ट्रिय, अन्तर्राष्ट्रिय परिवेशका वारेमा स्पष्ट जानकारी गराउँछ । विश्व वातावरणसँग परिचित हुन, विगतका अनुभववाट वर्तमानको खोजमा संलग्न हुन र भविष्य प्रति सचेत रही समाजको अध्ययन गर्न सामाजिक अध्ययनले सहयोग पुऱ्याउँछ । (पाठ्यक्रम विकास केन्द्र, २०५९)

सामाजिक अध्ययनले भूगोल, अर्थशास्त्र, राजनीतिशास्त्र, इतिहास, मानवशास्त्र, समाजशास्त्र, दर्शनशास्त्र र मनोविज्ञान जस्ता विभिन्न सामाजिक विज्ञानवाट विषयवस्तुहरू प्राप्त गर्दछ । त्यस्ता विषयवस्तुहरू समन्वयात्मक रूपबाट पाठ्यपुस्तकमा पाठ्यवस्तुको रूपमा संगठित गरिन्छन् । यस अर्थमा हेर्दा उल्लेखित सामाजिक विज्ञानका विषयहरूलाई सामाजिक

अध्ययनको विषयवस्तुको श्रोतको रूपमा लिन सकिन्छ। सामाजिक अध्ययनको क्षेत्र अनुसार यसको प्रकृति र स्वभाव हेर्दा विभिन्न सामाजिक विज्ञानवाट विषयवस्तु ग्रहण गरी आकार लिने हुँदा यसको सीमाङ्कन निकै विस्तृत र व्यापक भएको स्पष्ट हुन्छ। नेपालको सन्दर्भमा हेर्दा सामाजिक अध्ययनको क्षेत्र विस्तार घरपरिवार देखि विश्वव्रम्हाण्डसम्म क्रमशः घरपरीवार, छिमेक, समुदाय, गाउँ, जिल्ला, क्षेत्र, अन्तर्राष्ट्रिय जगत देखि विश्व व्रम्हाण्ड सम फैलिदै गएको देखिन्छ। परिवारमा हुर्केको एउटा वच्चा छरछिमेक देखि व्रम्हाण्डका घटना तथा खोजबाट प्रभावित हुने हुँदा सामाजिक अध्ययनको क्षेत्र अन्यन्त ठूलो रहेको  प्रष्ट हुन जान्छ।

सामाजिक विषयको माध्यमवाट शिक्षालाई व्यवहारिक वनाउने काममा सामाजिक विचार, जीवनयापन कार्यमा सहयोग, स्वविवेक, मानवीय सम्वन्ध स्थापना गर्न, आर्थिक कुशलता प्रदान गर्ने, नागरिक कर्तव्यको वोध गराउने जस्ता महत्वपूर्ण विषयवस्तुको ज्ञान हासिल हुन्छ। यस विषयको अध्ययनको केन्द्रविन्दु मानव हो र मानवलाई मानव बनाउने शिक्षा सामाजिक अध्ययन हो तसर्थ यो विषय अनिवार्य विषयको रूपमा महशुस गरिएको छ। यसै आधारमा यो विषयलाई विद्यालय शिक्षणका लागि प्राथमिक तहबाटै सामुदायिक तथा संस्थागत दुवै विद्यालयमा एक अनिवार्य विषयको रूपमा पाठ्यक्रममा समावेश गरिएको छ।

यस अध्ययनमा दुवै विद्यालयमा अध्यापन भईरहेको सामाजिक विषयको पाठ्यवस्तुको स्थितिको अध्ययन गरी त्यस भित्र रहेका विषयवस्तुको समानता र असमानताको अवस्था, यस विषयको अध्यापन पश्चात प्राप्त शैक्षिक उपलब्धीको आदिको अनुसन्धान गर्नका लागि दुवै पाठ्यपुस्तकको मूल्याङ्कन गरी अध्ययन गरिएको छ।

## १.२ समस्याको कथन

सामाजिक अध्ययन भनेको आफु वसेको समाज, गाउँ, जिल्ला, देश तथा संसारको वस्तुस्थितिको अध्ययन हो तसर्थ यस विषयको पाठ्यक्रम वनाई पाठ्यपुस्तकका पाठ्यवस्तुलाई व्यवहारिक कार्यान्वयनमा स्तरीय र प्रभावकारी गराउन सके निकै सान्दर्भिक हुने देखिन्छ। त्यसैले अध्ययनमा हाल कार्यन्वयनमा रहेको प्राथमिक तहको सार्वजानिक तथा निजी विद्यालयको सामाजिक विषयको पाठ्यवस्तुका अध्ययन विष्लेषण गर्न खोजिएको छ। सामुदायिक तथा संस्थागत विद्यालयमा पढाई हुने सामाजिक विषयको पाठ्यक्रम एकै भएपनि

विभिन्न विषयमा धेरै नै अन्तर पाइने गरेको छ । विशेष गरी शैक्षिक उपलब्धीमा अन्तर किन हुन्छ ? सामुदायिक विद्यालयका शिक्षकहरू प्रायःजसो तालिम प्राप्त नै हुन्छन् निजी विद्यालयका शिक्षकहरू तालिम अप्राप्त भएपनि किन सामुदायिक विद्यालयमा भन्दा शिक्षाको गुणस्तर वृद्धि गर्न सक्षम हुन्छन ? प्राप्त तालिमलाई विद्यालय कार्यान्वयनमा कुन तवरले प्रयोग गरिरहेका छन् ? कार्यान्वयन गर्छन् या गर्दैनन् ? सामाजिक शिक्षाको पाठ्यपुस्तकमा दिएका विषयवस्तुहरूको जुन रूपमा अध्ययन अध्यापन हुनुपर्ने हो सो हुन सकिरहेको छ या छैन ? देशको समग्र शैक्षिक अवस्था दयनीय भइरहेको अवस्थामा सार्वजानिक र संस्थागत प्राथमिक विद्यालयहरूको सामाजिक विषयको उपलब्धी फरक हुने काराणहरू के-के हुन् ? आदिलाई समस्याको रूपमा हेरिएको छ ।

सामाजिक अध्ययन विषयको उद्देश्य र पाठ्यवस्तुको व्यवहारीकता एवं समयसापेक्षता कस्तो रहेको छ ? पाठ्यक्रम अनुरूप पाठ्पुस्तक निर्माण भएको छ, छैन ? पाठ्यक्रम अनुसार पाठ्यपुस्तकमा समावेश भएका पाठ्यवस्तुको पर्याप्तताको अवस्था कस्तो छ ? पाठ्यपुस्तकमा भएका पाठ्यवस्तुहरूको उपयुक्तता कस्तो छ ? विद्यार्थीको उमेर, रूची र स्तर इत्यादि अनुसारका विषयवस्तुहरू समावेश भएका छन् या छैनन् ? यस विषयलाई थप प्रभावकारी बनाउन के के गर्नुपर्ला ? अर्थात समग्रमा प्राथमिक तहमा सामाजिक शिक्षा शिक्षणमा देखा परेका सम्पूर्ण समस्या र ती समस्या समाधान गरी थप प्रभावकारी वनाउने उपायहरूको खोजीमा यो अध्ययन केन्द्रित छ ।

## १.३ अध्ययनको औचित्य

जुनसुकै अनुसन्धानले समस्याको अर्थपूर्ण समाधान खोजेको हुनुपर्दछ । अतः यस समस्याले पनि अर्थपूर्ण समाधान खोज्न सकेमा अनुसन्धानको औचित्य सावित हुने छ । प्रस्तुत अध्ययन प्राथमिक तह अन्तर्गतको सामाजिक विषयको पाठ्यवस्तुको विश्लेषण (सामुदायिक र निजी) को वारेमा न्यूनमात्र अध्ययन भएकोले यस विषयमा अध्ययन गर्नु आवश्यक ठानिएको छ । मानव विकास तथा देश विकासको उपयुक्त साधन शिक्षा भएको र प्राथमिक शिक्षा अन्तर्गतको सामाजिक विषयको अध्ययनले देशको आवश्यकता अनुसार भावी दिनमा निर्माण गरिने नीति, शैक्षिक योजना तथा उक्त नीति तथा योजना उद्देश्य अनुसार कार्यान्वयन

भएनभएको वारेमा शैक्षिक नीति निर्माता तथा योजनाकारहरू, शैक्षिक व्यवस्थापकहरू तथा शिक्षासँग सम्बद्ध संगठन र व्यक्तिहरूलाई शैक्षिक नीति, योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउन एवं सरकारी तथा निजी प्राथमिक विद्यालयको सामाजिक विषयको समग्र पक्षमा गरिने अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने सुपरिवेक्षकलाई भावी योजना वनाउन आवश्यक सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

नेपालमा सामुदायिक र निजी विद्यालय वीच सम्वन्ध, समन्वय र स्वच्छ प्रतिस्पर्धा हुन सकेको छैन । हरेक अनुसन्धान कुनै अर्थपूर्ण समस्या समाधान गर्न, नयाँ तथ्य र सिद्धान्त, प्रतिपादन गर्न तथा उपयोगिताको दृष्टिकोणवाट गरिएको हुन्छ । वर्तमान समयमा सामुदायिक प्राथमिक विद्यालयको नतिजा लगानी अनूरूप नभई निराशाजनक साथै विद्यार्थी सहभागिता न्यून हुदै गएको तर सस्थागत प्रा.वि.मा आकर्षक नतिजा एवम् विद्यार्थी सहभागिता उच्च वृद्धि हुँदै गएको अवस्थामा पाठ्यवस्तुको प्रभावको कारणले भएका वास्तविकता पत्ता लगाउन यो अध्ययन गरिएको छ । हरेका विद्यालयले पठनपाठन क्रियाकलापमा निर्दिष्ट पाठ्यपुस्तकको पाठ्यवस्तुमा आधारित रही शिक्षण क्रियाकलाप गरिरहेको हुन्छ । विद्यालयका हरेक क्रियाकलापहरू शैक्षिक उन्नयनका लागि महत्वपूर्ण हुन्छन् । यस अध्ययनले सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षा प्रेमी, वि.व्य.स. पदाधिकारीहरू, स्रोतव्यक्ति, वि.नि. साथै सामाजिक विषय सम्बन्धी चासो राख्नुहुने सरोकारवालाहरूलाई आफ्नो वास्तविकता थाहा पाउन मद्दत गर्नेछ । अहिलेको परिवेशमा विभिन्न तथ्याङ्कहरूको सहयोगबाट निश्चित उद्देश्यको प्राप्ति गर्न, निष्कर्ष निकाल्न र सुझावहरू पेश गर्नका लागि अध्ययन गरिएको यस शोधकार्यले भविश्यमा सामुदायिक र निजी प्रा.वि.को सामाजिक विषय सम्बन्धि गरिने अनुसन्धानलाई पनि आवश्यक सहयोग पुऱ्याउने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

१. सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयमा अध्यापन हुने सामाजिक विषयको पाठ्यवस्तुको तुलना गर्ने ।

२. सामाजिक विषय भित्र रहेका विषयवस्तुहरूको लेखाजोखा गर्ने ।

३. सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयको सामाजिक विषयको शैक्षिक उपलब्धीको लेखाजोखा गर्ने ।

४. सामाजिक विषयलाई थप प्रभावकारी बनाउने उपायहरूको खोजी गर्ने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस शोध अध्ययनका उद्देश्य पूरा गर्न निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरू समावेश गरी यिनै प्रश्नहरूको आधारमा शोध अध्ययनलाई केन्द्रीत गरिएको छ :

- सामुदायिक तथा संस्थागत प्राथमिक विद्यालयमा पढाई हुने सामाजिक विषयको पाठ्यवस्तुको तुलनाको पक्ष के के हुन् ?
- सामाजिक विषय भित्र रहेका पाठ्यवस्तु विद्यार्थीको रूची वमोजिमका छन् ?
- सामाजिक पाठ्यपुस्तकभित्र रहेका विषयवस्तु विद्यार्थीको स्तर अनुरूप निर्मित छन् ?
- सार्वजानिक तथा निजी विद्यालयको सामाजिक विषयको शैक्षिक उपलब्धी कस्तो छ ?
- सामाजिक विषयमा समावेश भएका क्रियाकलापहरू विद्यार्थीहरूले सजिलै बुझ्न सक्ने खालका छन् ?
- सामुदायिक तथा संस्थागत प्रा.वि.का सामाजिक विषयका शैक्षिक समस्या के के छन् ?

## १.६ अध्ययनको परिसीमा

हरेक अध्ययन अनुसन्धानका आ-आफ्नै सीमा हुन्छन् । यस अध्ययनलाई पनि सरल रूपमा अगाडी बढाउन र समय, स्रोत एवं विभिन्न परिस्थितिलाई ध्यानमा राखि अध्ययनको क्षेत्र सामुदायिक तथा निजी प्रा.वि. तहको सामाजिक विषय ( कक्षा ५) को पाठ्यपुस्तको पाठ्यवस्तुको तुलना र विषयवस्तुको लेखाजोखामा मात्र सिमित गरिएको छ । सुविधाजनक

विधि द्वारा नमुना छनौट गरिएको छ र अनुसन्धानको साधन छनौटलाई प्रश्नावली, अन्तर्वार्ता र लक्षित समुह छलफलमा सिमित गरिएको छ। साथै तथ्याङ्कको व्याख्या र विश्लेषणलाई आवश्यकता अनुसार तालिकीकरण गरी व्याख्यात्मक र विश्लेषणात्मक विधिमा सिमित गरि अध्ययन गरिएको छ। साथै शैक्षिक उपलब्धीको पनि लेखाजोखा गर्ने उद्देश्य राखिएको हुँदा यसका लागि धनकुटा जिल्लाको मौनाबुधुक श्रोतकेन्द्र स्तरका दुईवटा सामुदायिक प्रा.वि. तर्फ ( श्री बुधुक उ.मा.वि., प्राथमिक विभाग र श्री मौनाबुधुक प्रा.वि., लोफादिन) त्यसै गरी संस्थागत प्रा.वि. तर्फ मकालु एकेडेमी मौनाबुधुक र राजारानी ईलिस बोर्डिङ स्कुल र ती विद्यालयहरूका गत २ वर्ष ( शै.व. २०६७/०६८ ) सालको शैक्षिक उपलब्धी अध्ययनमा यो अध्ययन सिमित रहेको छ।

## १.७ सम्बन्धित शव्दावलीहरूको परिभाषा

| | |
|---|---|
| सामुदायिक विद्यालय | : नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय। |
| संस्थागत विद्यालय | : नेपाल सरकारबाट नियमित अनुदान नपाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय। |
| शैक्षिक सामग्री | : शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन प्रयोग गरिने सामग्री। |
| औपचारिक शिक्षा | : नेपाल सरकारको नियम कानुन तथा शिक्षा ऐन र नियमावलीको आधारमा सञ्चालन गरिएको विद्यालयबाट प्रदान गरिने शिक्षा। |
| न्युनीकरण | : घट्दै जानु। |
| प्राइभेट | : निजी (संस्थागत)। |
| शैक्षिक व्यवस्थापन | : शैक्षिक क्रियाकलापलाई व्यवस्थित तरीकाले सञ्चालन गरिने योजना, संगठन र नियन्त्रण जस्ता कार्य। |

पाठ्यक्रम : शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रम ।

पाठ्यवस्तु : सामाजिक विषयको पाठ्यपुस्तकमा भएको सिलसिलाबद्ध सूची

# परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यस शोध अध्ययनको यस परिच्छेदमा साहित्यको पुनरावलोकन, सैद्धान्तिक खाका र पुनरावलोकित साहित्यको उपादेयतालाई समावेश गरिएको छ।

## २.१. अध्ययनको सैद्धान्तिक खाका

अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवम उपलब्धिमुलक बनाउन सो बिषयसंग सम्वन्धित सिद्धान्त र मनोवैज्ञानिक अध्ययनमा आधारित भएर अनुसन्धान गर्नु आवश्यक हुन्छ। सैद्धान्तिक अवधारणाले अनुसन्धानका अवधारणालाई व्याख्या गर्ने र त्यसैका आधारमा अनुसन्धान ढाँचा तयार गर्ने आधार प्रदान गर्नुका साथै अनुसन्धानको सैद्धान्तिक पहिचानको जानकारी गर्दछ तसर्थ कुनै पनि अनुसन्धान कार्य सम्पन्न गर्नु अघि त्यससँग सम्वन्धित अवधारणालाई कुनै पनि सिद्धान्तका आधारमा व्याख्या गर्नुपर्छ। यस अनुसन्धानलाई उपयुक्त हुने निम्न सैद्धान्तिक खाकालाई यहाँ प्रस्तुत गरिन्छ।

**पाठ्यक्रम विकासको उद्देश्यमुलक नमूना**

यस अनुसन्धानलाई अगाडि बढाउनका लागि प्रसिद्ध अमेरीकी शिक्षाविद् हिल्डा टावाको पाठ्यक्रम विकासको उद्देश्यमुलक नमूना (१९६२) लाई प्रयोगमा ल्याइएको छ। उनले पाठ्यक्रम विकास : सिद्धान्त र अभ्यास नाम पुस्तक प्रकाशमा ल्याएकी थिईन। उक्त सिद्धान्त पाठ्यक्रम विकासको परम्परागत सिद्धान्त भन्दा विस्तृत र फरक छ। यस सिद्धान्तले पाठ्यक्रम विकास गर्दा समाज र सँस्कृतिको विश्लेषण, सिकारूको बोद्धिक तथा मानसिक विकास, संस्कृति विश्लेषणको शैक्षिक उपयोगिता, ज्ञानको स्वरूपमा आउने परिवर्तन, विज्ञान र प्रविधिमा आएको परिवर्तन आदिको आधारमा गर्नपर्ने आवश्यकता उल्लेख गरिएको छ। सिकारूको आवश्यकता, उपलब्धीको स्तर, पाठ्यक्रमको समस्या आदिको निदान गरी विषयवस्तु तथा सिकाई अनुभवहरूको छनौट र संगठन गर्नुपर्ने आवश्यकता उल्लेख गरिएको छ। पाठ्यक्रम विकास प्रक्रियामा बढीभन्दा बढी जानकारीहरू समावेश गरी विषयवस्तुको छनोट गर्दा परम्परागत उपलब्ध चालचलनवाट नगरी तार्किक एवं क्रमवद्ध पद्धतिमा गर्नुपर्ने धारणा टावाको छ। विद्यार्थीहरूमा अपेक्षित सिकाई उपलब्धी गराउन उपयुक्त पाठ्यवस्तुको आवश्यकता पर्दछ।

पाठ्यक्रम विकास कार्यमा विषयवस्तुको तर्कपूर्ण छनौट गर्नु कठिन कार्य हो । विषयवस्तुको क्षेत्र र मात्रा व्यापक छ भने कुनै निर्धारित समयभित्र एउटा वालकले सम्पूर्ण मात्रामा सिक्न सक्तैन तसर्थ सिक्ने सिकाइने विषयवस्तुको छनौटले उद्देश्यका प्राप्तिमा स्पष्टता ल्याइ सिकाई कार्यलाई सजिलो बनाउँछ तसर्थ विषयवस्तुको छनौट गर्दा सिकारूका चाहना, रूचि, आवश्यकता सिकाइको स्तर वा तह आदिलाई ध्यान दिइ तिनीहरूको सान्दर्भिकता तथा संगति समेत निर्धारण गर्नुपर्दछ ।

पाठ्यक्रमका विभिन्न स्रोतहरू सिकारू, समाज र विशेषज्ञका साथै ज्ञानको विष्फोटले थपिदिएको जटिलता, शिक्षाका उद्देश्यमा आइरहने परिवर्तन, शैक्षिक प्रविधिको विकासले उत्पन्न गरेका समस्याहरू, भौतिक तथा मानवीय संशाधनको अभावले थपिएका समस्याहरू आदिले सामाजिक शिक्षाको पाठ्यक्रमको विषयवस्तुको छनौटमा अन्योलता थपिदिएको छ । कुन विषयवस्तुलाई प्राथमिकता दिने भन्ने सम्वन्धमा कठिनाई उत्पन्न भएको छ । यी विविध जटिलताका कारण पाठ्यक्रममा कुन कुन विषयवस्तुलाई स्थान दिने विद्यालयले के पढाउने, हरेक विषयमा ज्ञानको कति मात्रा निर्धारण गर्ने भन्ने समस्याहरू समाधान गर्न विषयवस्तु छनौटका लागि बौद्धिक एवं तर्कपूर्ण आधारमा अध्ययनका लागि पाठ्यवस्तुहरूको छनौट तथा विशिष्ट विषयवस्तुहरू छनौट गर्नुपर्दछ । सामाजिक शिक्षाको विषयवस्तु छनौट गर्न व्यक्ति, समाज र समुदाय सीप र आवश्यकताहरू, रूची, वातावरणीय अवस्था, तार्किक विषयवस्तुहरू, बहुमुखी उद्देश्य प्राप्त गराउने विषयवस्तु छान्नका लागि विषयवस्तुहरू वैध एवं महत्वपूर्ण हुनु जरूरी हुन्छ । विषयवस्तुमा आधारभुत ज्ञान समावेश हुनुपर्दछ, यसले मात्र विद्यार्थीहरूलाई अन्वेषण कार्यमा सक्रिय गराउन मद्दत गर्दछ । विषयवस्तु समाजसँग सामन्जस्यता हुने खालको, समयानुकुल, सामाजिक र सांस्कृतिक आवश्यकता र यथार्थताको अनुकुलका साथै सामाजिक जीवनसँग घनिष्ठरूपले सम्वन्धित हुनुपर्दछ । सिकारूलाई सामाजिक विषयको पाठ्यवस्तुको माध्यमबाट उत्पादनशील, सजग एवं सक्रिय सामाजिक सदस्यको रूपमा उत्पादन गर्ने अनुकुलका विषयवस्तु खोज गरी वास्तविकताको प्रतिनिधित्व गराउन सक्नुपर्दछ । विषयवस्तुहरू व्यवस्थित रूपमा संगठित हुनु जरूरी छ । विषयवस्तुहरूलाई क्षेत्र, कालक्रम, प्रकृति र मात्राको आधारमा मिलाएर राख्नुपर्दछ । पाठ्यक्रम संगठनलाई वैज्ञानिकता प्रदान गर्न सिकाइको कुन

सिद्धान्तका आधारमा पाठ्यवस्तु संगठन गर्ने, सामुहिक सिकाइका लागि पाठ्यवस्तुको संगठनमा कुन क्रम उपयुक्त हुन्छ, कसरी कम खर्चमा पाठ्यवस्तुलाई संगठन गर्न सकिन्छ, विद्यार्थीहरूमा अधिकतम् सिकाई दक्षताको विकास गराउन पाठ्यवस्तुलाई कसरी प्रभावकारी ढंगले संगठित गर्ने आदि जस्ता समस्या समाधानका निमित्त विषयवस्तुलाई संगठित गरिनु आवश्यक छ भन्ने धारणा टावाले उल्लेख गरेकीछिन् । ( पाठ्यक्रम योजना र अभ्यासबाट उद्दृत )

**सहकारी सिकाई सिद्धान्त**

यस सिकाई सिद्धान्तका प्रवर्तक जारिष्ट रसियामा सन् १८९६ मा जन्मिएका यहुदी लेभ सेमेनोभिच भिगोत्स्की हुन् । यिनको यो दर्शन सामाजिक संगठन्, सामाजिक क्रियाकलाप, समाजिक मुल्य र मान्यता, समष्टिगत रूपमा सामाजिक संरचनामा आधारित छ । यिनको यो सिद्धान्त बालवालिकाको स्वस्फूर्त सृजनामा आधारित छ र बालवालिकाहरूका आफ्नै अनुभवहरूमा आधारित छ । यस सिद्धान्तले अरूका अनुभवहरू र शंकास्पद तथ्यहरूलाई नकार्छ । यसले सिकाईलाई पूर्ण विषयगत प्रक्रियाको रूपमा परिभाषित गर्दछ । सिकाईमा विगतका अनुभवहरू र ज्ञानको ठूलो महत्व हुन्छ किनकि प्रत्येक व्यक्तिले यसैका आधारमा नयाँ ज्ञान सिक्दछ । प्रत्येक व्यक्ति आफ्नो पारीवारीक वातावरण, सामाजिक वातावरण र सँस्कृतिबाट प्रभावित हुन्छ र नयाँ ज्ञान, सीप र अनुभवहरू पनि संस्कृति र वातावरणबाट प्रभावित हुन्छन् । उनले वालवालिकाको सृजनात्मक विकास र समस्या समाधानमा "उच्च तहको सोचाइ विकास" मा जोड दिएका छन् । बालकले आफ्नो सामाजिक वातावरणको प्रत्यक्षीकरण र व्याख्या आफु अनुसार नै गर्दछ । त्यसैले मानिस ज्ञान लिएरै जन्मिएको हुदैन भने ज्ञान सामाजिक परिवेशवाट अलग पनि हुदैन । व्यक्तिले आफुभन्दा जान्ने व्यक्ति, प्रौढहरू, साथीहरूसँगको सामाजिक अन्तर्क्रियावाट ज्ञान प्राप्त गर्दछ । ज्ञानको उद्‌गम स्थल सामाजिक परिवेश नै हुन्छ । उनले क्षमता वा निकटवर्ती क्षेत्रमा मानवीय क्षमता भर पर्दछ भनेता पनि मानिसको घरायसी, सामाजिक, सांस्कुतिक वातावरण र तिनीहरूसँगको अन्तर्क्रियाले वास्तविक मानवीय क्षमताको निर्धारण गर्दछ ।

भिगोत्सीका अनुसार सिकाईको प्रमूख आधार भनेको सामाजिक अन्तर्क्रिया र भाषा हो । शुरूमा बालकको ज्ञान वृद्धि अरूसँगको अन्तर्क्रियाद्वारा हुन्छ भने पछि उसले आफै आन्तरिक

रूपबाट नै मनन गर्छ, बुभ्छ र अनुभव गर्दछ । अर्को खालको सामाजिक अनुभवको स्वरूप वदलिंदो गुण भएको टेवा (सहयोग) हो । जसमा वच्चाको वर्तमान क्षमतालाई बुझेर नयाँ कार्य सिक्नमा सहयोग पुऱ्याउनु हो । जव वच्चालाई कसरी अघि बढ्ने हो भन्ने कुरा थाहा हुन्न तव ठुला व्यक्तहरूले पठनपाठनमा सहयोग पुऱ्याउनु पर्छ । यसै सहयोगलाई टेवा दिनु भनिन्छ । वस्तुको संयुक्त अवलोकन गरेर गाह्रो खालका खेलहरू, भाषा र समस्या पूर्ति हुने सीपहरू वच्चालाई सिकाउन सकिन्छ । विश्वास जगाउने प्रविधिवाट बालकहरूले विभिन्न साँस्कृतिक कार्यहरूलाई संज्ञानात्मक सीपहरूको प्रवर्द्धनको रूपमा सिक्न सक्छन्, जुन प्रयोगात्मक पक्षमा जोड हो । सिकाईमा गरेर सिक्ने विधिको प्रयोगद्वारा बालकहरूले बढी ज्ञान आर्जन गर्न सक्छन् अर्थात विभिन्न समस्याहरू बालकका सामु राखिदिएर शिक्षक शिक्षकका रूपमा नभइ मार्ग दर्शकको रूपमा, सहयोगीको रूपमा रहि उनीहरूलाई समस्या समाधान सीप सिकाई दिएर वा प्रयोगात्मक विधिद्वारा विद्यार्थीहरूले ज्ञान हाशिल गर्न सक्दछन्  यस्तो प्रयोगात्मक विधिवाट सिकेको ज्ञान चिरस्थायी हुने र व्यवहारिक हुने उनको धारणा छ ।

शिक्षणले विकासको नेतृत्व गर्नुपर्दछ ।  क्षमता वा निकटवर्ती क्षेत्र विकास गराउनु पर्दछ । समस्या समाधानमा शिक्षक वा जान्ने व्यक्तिले सिकारूसँग सहयोगीका रूपमा काम गरी संयुक्त प्रयासवाट सिकाउनुपर्दछ र सिकाई क्षमताको विकास गराउनुपर्दछ । शिक्षण लक्ष्यपूर्ण र सम्वन्धित हुनुपर्दछ र मात्र सिकाई प्रभावकारी हुन्छ । विद्यार्थीले प्राप्त गरेको पूर्वज्ञान र नयाँ वातावरणको संयुक्तताबाट नयाँ ज्ञानको निर्माण गराउन शिक्षक सधैं सहयोगीको रूपमा   हुनुपर्छ । शिक्षणमा प्रयोग हुने सामग्रीहरू र संकेतहरूलाई शिक्षकले, विद्यालयले  विशेष ध्यान दिनुपर्दछ यसका लागि बोल्ने भाषालाई जोड दिनु पर्दछ । पूर्व प्राथमिक तहको पाठ्यक्रम चिज वस्तुको नक्सा वनाई भाषाको विकास गराउने विधिमा आधारित हुनुपर्दछ भन्ने यस सिद्धान्तमा उनले प्रष्ट्याएका छन् । (रेग्मी र साथीहरु, २०६३ )

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनलाई पूर्णता प्रदान गर्न सम्वन्धित अनुसन्धान, पाठ्यपुस्तक, विभिन्न अनुसन्धानात्मक प्रतिवेदन, लेख रचना आदीलाई अध्ययन गरी समीक्षा गरिएको छ । अनुसन्धान समस्यालाई स्पष्ट पार्न, अध्ययन विधीलाई सुधार गर्न तथा अनुसन्धानकर्ताको सम्बन्धित

विषयको ज्ञानको क्षेत्रलाई फराकिलो पार्न र अध्ययनकर्तालाई आफ्नो अध्ययनको विषय क्षेत्रलाई सिमीत गर्न समेत साहित्यको पुनरावलोकनले सहयोग गर्दछ । हुनत यस विषयमा पर्याप्त अध्ययन, अनुसन्धान एवं खोजकार्य भएको नपाइएकोले यस सँग सम्बन्धित समस्या एवं विषयसँग सम्बन्धित शिक्षाविद्, विषयविशेषज्ञ र अनुसन्धानकर्ताले गरेको अध्ययन, अनुसन्धान, लेखलाई खोजी गरी सकेसम्म समावेश गर्ने प्रयत्न यहाँ गरिएको छ ।

सामाजिक अध्ययन के हो र यसले कसका वारेमा अध्ययन गर्दछ अर्थात यसका कस्ता खालका विषयवस्तु समावेश हुन्छन् भन्ने वारेमा ए.एस कोहिल भन्दछन् , " सामाजिक अध्ययनका विषयवस्तुहरूद्वारा एउटा यस्तो आधार प्रस्तुत गरिन्छ जसको सहायताबाट हामी विद्यार्थीहरू समक्ष आजको विश्वलाई स्पष्ट र सरल बनाउन सक्छौ । यसबाट विद्यार्थीहरूमा केही निश्चित बानी तथा कुशलताको प्रशिक्षण दिन सकिन्छ । यसका साथै उनीहरूलाई यस्ता आदर्श विकसित गरिन्छन् जसले गर्दा वालवालिकाहरू प्रजातान्त्रिक समाजको प्रभावकारी सदस्यको रूपमा आफ्नो स्थान कायम गर्न सक्षम हुन्छन् ।" लुईटेल, २०६४ का अनुसार "सामाजिक अध्ययनका विषयवस्तुले मानिस, उसको वातावरण र त्यससँगको अन्तरक्रियाको अध्ययन गर्दछ । यसको मूख्य उद्देश्य सुसूचित, जिम्मेवार र आइपर्ने समस्या समाधान गर्न सक्ने नागरिक तयार गर्नु रहेको हुन्छ, यसका साथै प्रजातान्त्रिक समाजका लागि आवश्यक पर्ने गुणस्तरीय नागरिकको उत्पादन गर्ने अपेक्षा राखेको हुन्छ । समग्रमा भन्नुपर्दा सामाजिक अध्ययनले मानव जातिको अध्ययन गर्ने विषयका रूपमा लिइन्छ तर यतिले मात्र सामाजिक विषयको सन्दर्भमा बुझ्नुपर्ने कुराहरू पूर्ण रूपमा बुझ्न सकिदैन । समाजका घटना, वातावरणसँको प्रतिक्रिया, परिवर्तनका सम्पूर्ण प्रक्रियाको अध्ययनलाई यसले माव क्रियाकलापसँग जोडेर हेर्ने गर्दछ । यस विषयले व्यक्तिको मााँत्र अध्ययन नगरी उ वसेको वातावरणको अध्ययन समेत गर्दछ । सामाजिक परिवेश, भौगोलिक विविद्यता, साँस्कृतिक वातावरणले मानवव्यवहारमा पर्ने र पर्न सक्ने प्रभावको अध्ययनलाई पनि बढी जोड दिइन्छ । यसले विद्यार्थीहरूको क्षमता, आवश्यकता र शिक्षणको उद्देश्यलाई ध्यानमा राखि विषयवस्तुहरू समोवश गर्दछ ।" (शर्मा, २०६४)

हन्किन्स र ओर्नस्टिन, (२००४ : २६०) का अनुसार सामाजिक विषयको पाठ्यक्रमको संरचना समस्याहरूको प्रकृतिमा निर्भर रहन्छ । यसको पाठ्यक्रम संगठनमा छनौट गरिएका विषयवस्तुहरू मानवीय समस्या अनुरूप हुनुपर्दछ । साँस्कृतिक परम्पराहरूको पुनर्वलका लागि संगठित गरिएको हुनुपर्छ । यो तत्कालमा प्राप्त गर्न नसकेका व्यक्ति, समुदाय एवं समाजका आवश्यकताहरू, समस्याहरूको समाधान गर्नेगरी निर्धारण गरिएको हुनुपर्छ । विद्यार्थीहरूको आवश्यकता एवं रूचीमा आधारित हुनुपर्छ यसका साथै मानवीय समस्याका बृहत क्षेत्रहरूको अध्ययन गरी व्यक्तिगत अनि संस्थागत समस्याहरूको प्रत्यक्षीकरण गरिएको हुनुपर्छ । यसका विषयवस्तुहरू त्यस प्रकृतिका छनौट गरिएको हुनुपर्छ जुन मानवीय समस्याहरूमा केन्द्रित छन्, समस्याहरूसँग सान्दर्भिक छन् । सिकारूका चासोहरू एवं आवश्यकताहरू र योग्यताहरूमा आधारीत छन्  किनकी यसका विषयवस्तुहरूको निर्माण नै सिकारूका आवस्यकता, रूचीहरू एवं योग्यताहरू र सामाजिक समस्याहरूको जगमा भएको छ । यस विषयका विषयवस्तुहरूले व्यक्तिगत तथा सामाजिक कल्याण, सामाजिक क्रियाकलाप तथा समस्याहरूको पुनः समाधानमा ध्यान दिएको हुन्छ । यसका विषयवस्तुहरूले सिकारू तथा समाजका दैनिक क्रियाकलापहरू एवं समस्याहरूको मापन तथा मूल्याङ्कन गरी व्यक्तिगत र सामाजिक आवस्यकता, समाज अनूकुलको सामाजिक वातावरण उपयुक्त तरीकाले समायोजित हुन सक्ने बनाउन आवश्यक ज्ञान सीप एवं अनुभवहरू प्रदान गर्दछ । समग्रमा सामाजिक विषयमा समाविष्ट पाठ्यवस्तुहरूले मानिसलाई दैनिक जीवनका लागि आवश्यक पर्ने ज्ञान, सीपहरूद्वारा समाजमा अन्तर्घुलन गराई उचित किसिमले समायोजन गर्न सक्ने बनाउनु पर्छ । यसका विषयवस्तु एवं सिकारूको जीवन परीस्थितिवीच प्रत्यक्ष सम्वन्ध स्थापित भएको हुनुपर्छ । (Agrawal, 1997)

खनाल (२०६६) का अनुसार कुनै पनि शैक्षिक कार्यक्रम पाठ्यक्रमको आधारमा संचालित हुन्छ र पाठ्यक्रमले राखेका उद्देश्य पुरा गर्न विषयवस्तु महत्वपूर्ण हुने भएकोले यसको मूल्याङ्कन् गर्नुपर्दछ । विषयवस्तु भन्नाले उद्देश्यहरू पुरा गर्न संगठित गरिएको ज्ञान, सीप वा धारणा हो । विद्यार्थीहरूलाई के पढाउने भन्ने कुरा नै सामान्य अर्थमा विषयवस्तु हो । यस भित्र ज्ञानात्मक, भावनात्मक र मनोक्रियात्मक क्षेत्रका ज्ञान, सीप र धारणाहरू समाविष्ट हुन्छन् । विषयवस्तु अन्तर्गत ज्ञान ( तथ्य, व्याख्या, सिद्धान्त, परिभाषा ), सीप र प्रक्रिया

( लेखाई, पढाई, गणना गर्ने, नाच्ने, निर्णय गर्ने, संचार गर्ने ) र मूल्यहरू ( राम्रो/नराम्रो, सत्य /असत्य, सुन्दर/कुरूप ) जस्ता कुराहरू पर्दछन् । कुनैपनि विषयका विषयवस्तुहरूलाई मूल्याङ्कन गर्दा विभिन्न आधारहरूबाट गर्न सकिन्छ । विषयवस्तुको मूल्याङ्कन गर्ने आधार अन्तर्गत त्यसको उद्देश्यसँगको सान्दर्भिकता हो । विषयवस्तुहरू उद्देश्यअनुसार हुनुपर्छ, यदि उद्देश्य पुरा गर्ने विषयवस्तु भएन भने पाठ्यक्रम र त्यसअन्तर्गत संचालित कार्यक्रम लंगडो हुन पुग्दछ । उद्देश्य अनुसार विषयवस्तु छन् या छैनन्, विषयवस्तुमा उद्देश्य पुरा गर्ने आधार छन् या छैनन्, विषयवस्तु अपर्याप्त खालको छ कि, जस्ता कुराहरूको मूल्याङ्कन गर्नु जरूरी हुन्छ । त्यसगरी विषयवस्तु वैध छ या छैन, विचार गर्नुपर्दछ । जवसम्म विषयवस्तुमा वैधता हुँदैन, त्यसले उद्देश्य बमोजिमका कार्य गर्न सक्दैन । विषयवस्तुहरू उद्देश्य पुरा गर्न सक्ने छन् या छैनन् , तत्कालीन परिवेश र परिस्थिति अनुसार सत्य छन् छैनन्, विशेषज्ञद्वारा स्वीकृत हुन् होइनन् जस्ता कुराको लेखाजोखा गर्नुपर्दछ । विषयवस्तुमा सम्वन्धित क्षेत्रका नभई नहुने ज्ञान भए नभएको आधारमा मूल्याङ्कन गर्नु आवस्यक छ । कुनै पनि तह वा स्तरको विषयवस्तुले त्यस भन्दा अगाडि वा पछाडिको तहसँग सम्बन्ध राख्न सकेन भने विद्यार्थीहरूमा प्रवेश व्यवहारको अभाव हुन गई पाठ्यक्रमले तोकेका उद्देश्य पुरा हुन सक्दैन तसर्थ विषयवस्तुको निरन्तरताको पनि ख्याल गर्नुपर्दछ । विषयवस्तुको संगठन मिलेका छ, छैन, विषयवस्तुको क्षेत्र र क्रममा त्रुटि छ कि, बालमनोविज्ञान र सिकाई मनोविज्ञान अनुसार विषयवस्तु छनौट गरी संगठन गरिएको छ, छैन जस्ता कुराको आधारमा विषयवस्तुहरूको लेखाजोखा गर्नुपर्दछ । विद्यार्थीहरूको आवश्यकता र रूची अनुसार विषयवस्तु छनौट हुनुपर्दछ, विषयवस्तुले सामाजिक आवश्यकतालाई पूरा गर्न सक्छ, सक्दैन, सिक्न सक्ने गुण छ, छैन, विषयवस्तुमा नयाँपन, समयसापेक्षता र आधुनिक ज्ञान छ या छैन आदि आधारमा प्रयोग गरी कुनै पनि विषयका विषयवस्तुको मूल्याङ्कन गर्नुपर्दछ ।

अधिकारी (२०६२) ले "सामाजिक शिक्षामा काठमाण्डौ जिल्लाको सामुदायिक र संस्थागत विद्यालयको एस.एल.सी. को उपलब्धी" शीर्षकमा गर्नु भएको अनुसन्धानको मूल उद्देश्य सामुदायिक र संस्थागत विद्यालयहरू वीच सामाजिक विषयको शैक्षिक उपलब्धीको तुलना गर्नु, विद्यार्थी उपलब्धीको तुलना गर्नु साथै सामाजिक शिक्षा शिक्षणमा देखा परेका

समस्या पत्ता लगाई तिनको समाधानको उपायहरू प्रस्तुत गर्ने रहेको थियो । उहाँले काठमाण्डौ जिल्लाभित्रका ४ वटा सामुदायिक र ४ वटा संस्थागत विद्यालयको ए.एल.सी. परीक्षाको नतिजा विश्लेषण गर्नु भएको थियो । उद्देश्यमुलक नमूना छनौट विधिद्वारा छनौटमा पर्न गएका प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरूका दरले जम्मा ८० जना विद्यार्थी र उनीहरूले प्राप्त गरको प्राप्ताङक को विश्लेषण गरी अनुसन्धानलाई अघि बढाउनु भएको थियो ।

जसका प्राप्तिहरूमा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयको नतिजा राम्रो थियो । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको उपलब्धीलाई लैंगिक आधारमा विश्लेषण गर्दा छात्रा र छात्रको उपलब्धी समान पाइयो । सामाजिक अध्ययन विषयमा तालिम अप्राप्त शिक्षक, शैक्षिक सामग्रीको कमी, समयको अभाव, विद्यार्थीको रूचीमा कमी, सीपमुलक कार्य गराउन कठिनाई पाठ्यवस्तुमा विषयवस्तुको अपर्याप्तता जस्ता समस्या देखा परेका थिए । सामाजिक शिक्षामा भएका समस्याहरूको समाधानका लागि तालिम प्राप्त शिक्षक, पर्याप्त मात्रामा शैक्षिक सामग्री, शिक्षक निर्देशिकाको उपलब्धता, विषयवस्तु अनुसार शैक्षिक भ्रमण र क्षेत्रभ्रमणको व्यवस्था, प्रयोगात्मक नम्बरको व्यवस्था गर्नुपर्ने र यस विषयसँग सम्बन्धित गोष्ठी, सेमीनार गराउनुपर्ने, यस विषयको उद्देश्य अनुरूप कार्यक्रमको तर्जुमा गर्नुपर्ने जस्ता आवश्यकता रहेको जनाइएको छ । यस अध्ययनबाट केहि महत्वपूर्ण निष्कर्षहरू निकालिएको थियो । पाठ्यक्रमले तय गरे अनुसार उद्देश्य व्यवहारीक र विशिष्ट हुनुका साथै राष्ट्रिय उद्देश्य तथा समाजको वर्तमान आवश्यकता परिपुर्ति गर्न सघाउ पुग्ने देखिएको थियो । उद्देश्यहरूको कक्षाकोठामा प्रयोग गर्न सकिने तर धैरै उद्देश्य भएकोले पाठ्यपुस्तकको विषयवस्तु कम भएको जसले गर्दा ज्ञान पूर्ण गर्न नसकिएको, पाठ्यपुस्तकमा दिइएका चित्र, तथ्याङ्क, चार्टहरू प्रष्ट नवुझिने भएकोले शिक्षण कार्य गर्न असजिलो भएको भनिएको छ । साथै उक्त अनुसन्धानको शीर्षकमाथि उहाँले निम्न सुझाव पेश गर्नु भएको थियो । पाठ्यक्रमको मूल उद्देश्य पूरा गराउनमा पाठ्यक्रममा ज्ञान, सीप र अभिवृत्ति मुलक उद्देश्यहरू सन्तुलित मात्रामा निर्धारण गरिनुपर्ने, पाठ्यपुस्तकमा राखिएका विषयवस्तुको दायरामा वृद्धि गरिनु पर्ने, प्रभावकारी शिक्षणको लागि तालिम प्राप्त शिक्षकहरूको व्यवस्था गरिनुपर्ने र सम्वन्धित विषयका शिक्षकहरूद्वारा नै पठनपाठन कार्य गरिनुपर्ने, क्रियाकलापका प्रश्नहरू स्तर अनुसारको

वनाउनुपर्ने र विद्यार्थीहरूलाई बोझको महशुस नहुने खालको हुनुपर्ने, पाठ्यपुस्तकलाई पुनर्मूल्याङ्कन गरेर परिमार्जन गर्नुपर्ने साथै मूल्याङ्कन प्रक्रिया निर्माणात्मक मूल्याङ्कनलाई बढी जोड दिनुपर्ने भनि सुझाव पेश गर्नुभएको थियो ।

विष्ट (२०६५), ले "मा.वि. तहको सामाजिक अध्ययन विषयको वर्तमान पाठ्यक्रम र पाठ्यपुस्तक वीच अन्तरसम्बन्ध विष्लेषण" शीर्षकमा गर्नुभएको अध्ययनको मूख्य उद्देश्य सामाजिक अध्ययन विषयको पाठ्यक्रमले तोकेका विषयवस्तुको पर्याप्तता विश्लेषण, विषयवस्तुको उपर्युक्तताको लेखाजोखा गर्ने, पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य र विषयवस्तुको व्यवहारिकता एवम् समयसापेक्षता पत्ता लगाउने तथा पाठ्यक्रम र पाठ्यपुस्तक वीचको सह-सम्वन्ध अध्ययन गर्ने थियो । सुदूरपश्चिमाञ्चल स्थित कन्चनपुर जिल्लाको बेलौरी श्रोतकेन्द्र अन्तर्गत सञ्चालित १२ वटा सरकारी विद्यालयहरू मध्ये ५०% विद्यालय छनौट गरी प्रत्येक विद्यालयबाट ४/४ जनाका दरले २४ जना विद्यार्थी र १/१ जना विषयशिक्षक गरी ६ जनाको छनौट गरी लक्षित समूह छलफल तथा प्रश्नावली फारामको माध्यमद्वारा प्रतिक्रिया र जानकारी लिने कार्य गरी वर्णनात्मक तथा व्याख्यात्मक गुणात्मक विधिका आधारमा निष्कर्ष र सुझाव प्रस्तुत गर्नु भएको थियो ।

अध्ययनबाट प्राप्त भएका सम्पूर्ण तथ्याङ्कहरूको विश्लेषण सामाजिक अध्ययन विषय मा.वि. तहमा राखिनुपर्ने  निकै सान्दर्भिक र उपयुक्त रहेको देखिएको थियो । पाठ्यक्रम अनुसार पाठ्यपुस्तकका विषयवस्तुको चयनमा कमी भएको, विषयवस्तुको पर्याप्तता र उपर्युक्तता कम नै पाइएको निष्कर्ष निकाल्नु भएको थियो भने विषयवस्तुको संगठन पनि राम्रो रहेको साथै विद्यार्थीको विविद्य पक्षको समसामयिक र व्यवहारिक ज्ञान दिने हुनाले समय सापेक्ष नै रहेको पाइएको थियो । यस अनुसन्धानले केही सुझावहरू पनि पेश गरेको थियो । जसमा समयसापक्ष रूपमा पाठ्यक्रम निर्माण र परिमार्जन गरी पाठ्यपुस्तक तयार गरिनुपर्ने, विषयवस्तुहरूलाई पर्याप्तता दिने सवालमा सम्वन्धित सबै सरोकारवालाहरूको सल्लाह, सुझाव र सहयोग लिनुपर्ने, अभ्यास र क्रियाकलापहरू विद्यार्थीको शैक्षिक स्तर र रूची वमोजिमको राखिनुपर्ने, पाठ्यक्रमको निर्माण र पाठ्यपुस्तक तयार गर्दा सम्बद्ध पक्षहरूले समग्र रूपमा देशको

राजनीतिक विकासक्रम, भौगोलिक, सामाजिक र आर्थिक अवस्था, विद्यालयहरूको भौतिक अवस्था तथा महत्वपूर्ण पक्षहरूमा आधारित हुनुपर्ने देखिएको थियो । विषयवस्तुको प्रष्ट सीमाङ्कन् गरिएको हुनुपर्ने तथा विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्रीको व्यवस्था गरिनुपर्ने जस्ता सुझावहरू उहाँले सो अध्ययनमा पेश गर्नुभएको थियो ।

ढकाल (२०५७) ले "काठमाण्डौ जिल्लाका मा.वि. तहको सामाजिक शिक्षाको पाठ्यक्रम एवं सामाजिक शिक्षाको कार्यान्वयनको अवस्थाको विश्लेषण" शीर्षकमा गर्नुभएको अध्ययनको मुख्य उद्देश्य सामाजिक शिक्षा अध्ययन गर्दा विद्यार्थीहरूले भोग्नुपरेका शैक्षिक समस्या पत्ता लगाउने, शिक्षणको क्रममा शिक्षकहरूले भोग्नुपरेका समस्या पत्ता लगाउने र कक्षा १० को पाठ्यक्रमको उद्देश्य र विषयवस्तुका आधारमा पाठ्यवस्तुको अध्ययन विश्लेषण गरी त्रुटिहरू पत्ता लगाई आवश्यक सुझाव दिने थियो । काठमाण्डौ जिल्लाभित्रका ५४१ वटा मा.वि. मध्येबाट २५ वटा मा.वि.को नमूना छनौट गरी सोही विद्यालयमा अध्यापनरत २५ जना विषय शिक्षकहरू र विद्यार्थीहरूबाट प्रश्नावली र अन्तर्वार्ताको माध्यमबाट साथै अनसन्धानकर्ताद्वारा अवलोकन् गरी सूचना सङ्कलन गरिएको थियो ।

उहाँको अनुसन्धानबाट प्राप्तिको रूपमा सामाजिक विषयको लागि छुट्ट्याइएको समय थोरै भएकोले क्रियाकलाप गर्न गराउनमा वाधा आईपरेको, शिक्षकलाई अनिवार्य रूपमा तालिम दिइनुपर्नेमा संस्थागत विद्यालयका शिक्षकहरू तालिम अप्राप्त रहेका, शहरिया परिवेश भएका क्षेत्रमा समुदायमा गराउनुपर्ने क्रियाकलाप गराउनमा कठिनाई भएको, अध्यापनरत सम्पूर्ण शिक्षकलाई विषयवस्तुको सम्पूर्ण पक्षमा ज्ञान नरहेको, संस्थागत विद्यालयका केहि शिक्षकहरूलाई सामाजिक विषयको पाठ्यक्रम र निर्देशिकावारे थाहा नै नभएको पाइएको थियो । यस अध्ययनले पाठ्यपुस्तमा दिएको पाठ्यवस्तुको वारेमा विषयवस्तु थोरै भएको र सीमाङ्कन क्षेत्र स्पष्ट नभएको, पाठ्यपुस्तकमा उल्लेखित नक्सा, तथ्याङ्कहरू समयसापेक्ष नभएको, एकआपसमा बाझिएको कारण सिकाईमा कठिनाई भएको, व्यक्तिको व्यवहारिक परिवर्तनको अपेक्षा गरेर राखिएका क्रियाकलापहरू भएपनि निश्चित समयमा पाठ सक्नुपर्ने, परीक्षामूखी शिक्षण गर्नुपर्ने वाध्यता, अमिल्दो परीक्षा प्रणाली एवं अस्वस्थ्य प्रतिस्पर्धाका कारण पाठ्यपुस्तकका व्यवहारिक क्रियाकलाप गराउन नसकिएको निष्कर्ष निकाल्नु भएको थियो ।

सामाजिक शिक्षाको प्रभावकारी शिक्षणका लागि उहाँको अनुसन्धानमा विद्यार्थीले प्राप्त गरेको ज्ञानलाई व्यवहारमा उतार्न सकेको छन् या छैनन् निरीक्षण एवं मूल्याङ्कन गर्ने परिपाटी बसाल्नुपर्ने, समाजपयोगी क्रियाकलापमा विद्यार्थीको सहभागिता बढाउने कार्यमा विद्यालय प्रशासन एवं शिक्षकहरूवाट पहल हुनुपर्ने, अनिवार्य विषयसँग जुध्ने विषयवस्तु हटाउँदा राम्रो हुने, पाठ्यपुस्तकमा भएका तथ्याङ्क, तस्वीर, चार्टका विषयमा पुनर्मूल्याङ्कन गरी परिमार्जन गरी आकर्षक ढंगले प्रस्तुत गरिनुपर्ने, पाठ्यपुस्तक, पाठ्यक्रम साथै परिक्षामा आवश्यक तालमेल गरिनुपर्ने जस्ता महत्वपूर्ण सुझावहरू पेश गर्नु भएको थियो ।

## २.३ पूनरावलोकनको उपादेयता

प्रस्तुत “सामुदायिक तथा संस्थागत विद्यालयहरूमा (कक्षा ५) सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन” विषयमा गरिएको अनुसन्धानमा पनि यस विषयसँग सम्बन्धितछ विगतमा भएगरेका अध्ययन, अनुसन्धान र त्यसको समीक्षा गरी शोध पत्र तयार गरिएको छ । सामुदायिक प्राथमिक विद्यालय र निजी प्राथमिक विद्यालयको सामाजिक विषयको पाठ्यवस्तुको तुलना गरी विषयवस्तुहरूको लेखाजोखा गर्ने साथै सामुदायिक र संस्थागत प्रा.वि.को सामाजिक विषयमा प्राप्त शैक्षिक उपलब्धीको अध्ययन गरी यस विषयलाई अझै प्रभावकारी बनाउनका लागि उपायहरूको खोजी गरी सुझाव पेश गर्ने उद्देश्यका साथ शुरू गरिएको यस शोधकार्यमा अगाडिका विविध शोधपत्रहरूको अध्ययन गरिएको छ । यस विषयसँग सम्वन्धित विज्ञ व्यक्तिहरूसँग सल्लाह गरी सहयोगको माध्यमद्वारा यसलाई अघि बढाइएको छ ।

अनुसन्धानको क्रममा अध्ययन गरिएका यस्ता विविध साहित्यिक पुनरावलोकन्ले अनुसन्धानकर्तालाई आफ्नो अध्ययनको सैद्धान्तिक खाका छनौट गर्न सहयोग मिलेको छ । शोधकर्तालाई मार्ग दर्शनको आवश्यकता परिरहेको अवस्थामा एउटा निश्चित ढाँचा प्रदान गर्न पनि धेरै सहयोग मिलेको छ । अनुसन्धानकर्तालाई आफ्नो अनुसन्धान कुन ढाँचाद्वारा अघि बढाउँदा राम्रो हुन्छ भनि अन्योलताको सृजना भइरहेको वेलामा यी पुनरावलोकित साहित्यले

अनुसन्धान ढाँचाको निर्माण गर्न पनि मद्दत पुऱ्याएका छन् । त्यसैगरी यस शोधकार्यलाई एउटा निश्चित मार्ग पहिल्याई सो मार्गमा हिड्नको लागि पनि यी पुनरावलोकित साहित्यले मार्ग दर्शक को माध्यममा सहयोग पुऱ्याएका छन् ।

# परिच्छेद तीनः अध्ययन विधि

अध्ययन विधिले अनुसन्धान कार्यलाई अघि बढाउने कार्यलाई मार्ग दर्शन गर्दछ। अनुसन्धान नयाँ ज्ञान प्राप्त गर्ने व्यवस्थित कार्य हो। उद्देश्य हासिल गर्ने र समस्याको समाधान र्गे उद्देश्यबाट गरिने ज्ञानको खोजी नै यथार्थमा अनुसन्धान हो। अनुसन्धानका लागि समस्यालाई चिन्ने, परिकल्पना निर्माण गर्ने तथ्याङ्क सङ्कलन र विश्लेषण गरी नतिजा पत्ता लगाउने या समस्याको समाधान गर्ने कार्य आवश्यक हुन्छ। अध्ययनको यस परिच्छेदमा अनुसन्धानात्मक ढाँचा, जनसंख्या, नमूना आकार, नमूना छनौट विधि, नमूना छनौटका आधार, अध्ययनका साधनहरू, साधनको वैधता, तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलन प्रक्रिया साथै तथ्याङ्क विश्लेषण प्रक्रियाका वारेमा विस्तृत अध्ययन गरिएको छ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

निश्चित विषयमा गरिने अनुसन्धान कार्यको लागि तयार पारिने एक वृहत योजना तथा रणनीति नै अनुसन्धानात्मक ढाँचा हो (खनाल, २०६४)। यसले समस्या छनोट गर्ने देखि लिएर तथ्याङ्क सङ्कलन विश्लेषण र प्रस्तुतीकरण गर्नमा र अनुसन्धान कार्यविधि अवलम्बन गरी आफ्नो कार्यको लागि मार्गनिर्देशन प्रदान गर्दछ। यो अध्ययन कार्य सम्पन्न गर्न गुणात्मक र संख्यात्मक अनुसन्धान विधि को प्रयोग गरिएको छ। आवश्यकता अनुसार तथ्याङ्को विष्लेषण गर्न व्याख्यात्मक विधिको पनि प्रयोग गरिएको छ। मुलतः यो अध्ययन मिश्रित ढाँचाको रहेको छ साथै यसमा तथ्याङ्कहरूलाई व्याख्यात्मक, विष्लेषणात्मक रूपबाट अध्ययनलाई प्रस्तुत गरिएको छ।

## ३.२. जनसङ्ख्या

अध्ययन कार्यलाई पूरा गर्न अध्ययन तथा खोजसँग सम्बन्धित सम्पूर्ण जनसङ्ख्यालाई समेट्न कठिन हुनेहुँदा अनुसन्धान तथा खोज कार्य गर्दा निश्चित जनसङ्ख्यालाई आधार मानी नतिजा प्राप्त गर्ने प्रयास स्वरूप यस शोधपत्र अध्ययनको लागि धनकुटा जिल्ला बुधुक श्रोतकेन्द्र अन्तर्गतका सबै सामुदायिक प्राथमिक विद्यालय र संस्थागत प्राथमिक विद्यालयहरू, ती

विद्यालयका सम्पूर्ण प्र.अ.हरू, सम्पूर्ण सामाजिक विषय शिक्षकहरू, वि.नि., स्रोतव्यक्ति साथै उक्त विद्यालयहरूमा अध्ययरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिईएको छ ।

## ३.३ नमूना आकार

यस अध्ययनमा नमूनाको रूपमा धनकुटा जिल्लाको बुधुक स्रोत केन्द्र अन्तर्गतका ३३ सामुदायिक विद्यालयहरू मध्ये २ वटा श्री बुधुक उ.मा.वि.(प्राथमिक विभाग) र श्री बुधुक प्रा.वि. लोफादिन र संस्थागत विद्यालय श्री मकालु एकेडेमी मौनाबुधुक र राजारानी इलिस बोडिङ स्कुल राजारानी साथै उक्त विद्यालयहरूका १/१ जना गरी प्र.अ.हरू ४ जना र विषय शिक्षकहरू ४ जना, वि.नि. १ जना, स्रोतव्यक्ति १ जना, प्रत्येक विद्यालयवाट २ छात्रा, २ छात्र गरी ४ का दरले सवै विद्यालयका गरी १६ जना अध्ययनरत विद्यार्थीहरूगरी जम्मा २६ जनालाई छनौट गरिएको छ । त्यसै गरि सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन गर्नुपर्ने भएकोले सामाजिक अध्ययन पाठ्यपुस्तकलाई पनि नमूनाको रूपमा लिइएको छ ।

## ३.४ नमूना छनौट विधि

यो शोध अध्ययन धनकुटा जिल्लाको बुधुक स्रोतकेन्द्र अन्तर्गत २ वटा सामुदायिक प्रा.वि. तथा २ संस्थागत प्रा.वि. हरूमा केन्द्रित गरिएको छ । यसरी छनौटमा परेका विद्यालयका प्र.अ., विषय शिक्षक र विद्यार्थीहरूको पनि छनौट गरी अध्ययन गरिएको छ । जसमध्ये विद्यालयहरूको छनौट आफुलाई पायक पर्ने आधारमा सुविधाजनक विधिद्वारा गरिएको छ । विद्यार्थी, प्र.अ. तथा विषय शिक्षकहरूको छनौट उद्देश्यमूलक विधिद्वारा गरी अध्ययन कार्यलाई अघि बढाउने कार्य गरिएको छ ।

## ३.५ नमूना छनौटका आधार

यो शोध शीर्षक माथि धनकुटा जिल्ला भित्रका सम्पूर्ण सामुदायिक तथा निजी प्रा.वि.हरूलाई छनौट गरी अधययन गर्नु लामो समय लाग्ने साथै झन्झटिलो हुने हुँदा अनुसन्धानकता लाई पायक पर्ने नजिकैका सामुदायिक तथा निजी विद्यालयहरूको छनोट सुगमताको आधारमा गरिएको छ । त्यसै गरी उक्त विद्यालयहरूमा पठनपाठन हुने सम्पूर्ण विषयहरूको अध्ययन गर्नु अति बोझिलो साथै खर्चिलो हुने भएकोले सामाजिक अध्ययन

विषयको मात्र छनौट आर्थिक आधारमा गरी अध्ययन गरिएको छ। त्यसै गरी उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रा र छात्र दुवै पर्ने गरी लैगिंक आधारमा छनौट गरिएको छ साथै भौगोलिक आधारमा पहाडी इलाका धनकुटा जिल्ला भित्रकै विद्यालयहरूको छनौट गरिएको छ र आफ्नो अध्ययनलाई अगाडि बढाइएको छ।

## ३.६ अध्ययनका साधनहरू

कुनै पनि अध्ययनलाई सम्पन्न गर्न अध्ययनकर्ताले विभिन्न किसिमका साधनहरूको सहयोग लिनुपर्ने हुन्छ। यस अध्ययनमा पनि तथ्याङ्क सङ्कलनका लागि निम्न अनुसारका साधनहरूको निर्माण गरी प्रयोगमा ल्याइएको छ।

### प्रश्नावली

नमूना छनौटमा परेका प्रा.वि. तहका सामाजिक अध्ययन विषय पढाउने विषय शिक्षकहरू र प्र.अ.लाई प्रा.वि. तहको सामाजिक अध्ययन विषयको औचित्य के छ, पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तर्सम्बन्ध कस्तो छ, पाठ्यपुस्तकहरूको उपयुक्तता र पर्याप्तता के कस्तो छ, उद्देश्य अनुसार पाठ्यवस्तुले व्यवहारिकता र सामाजिकता समेटेको छ या छैन समग्रमा सामाजिका विषयका समस्याहरू के रहेका छन्, इत्यादि प्रश्नको उत्तर पत्ता लगाउने उद्देश्यले प्रश्नावली भर्न लगाइएको छ। (प्रश्नावलीको नमूना अनुसूची १ र २ मा दिइएको छ।)

### अन्तरवार्ता सूची

छनौटमा परेका प्रत्येक विद्यालयका वि.नि. र स्रोत व्यक्तिलाई अध्ययनको शीर्षकसँग सम्वन्धित उद्देश्य पूर्ण गर्ने सन्दर्भमा असंरचित अन्तरवार्ता लिइएको छ। अन्तरवार्ताको माध्यमवाट सूचना सङ्कलन गर्ने कार्य गरिएको छ। ( अन्तरवार्ता सूचीको नमूना अनुसूची ३ र ४ मा राखिएको छ )

### लक्षित समूह छलफल निर्देशिका

छनौटमा परेका प्रत्येक विद्यालयका प्रा.वि. तह (कक्षा ५) मा अध्ययनरत विद्यार्थीहरूका लागि लक्षित समूह छलफल कार्यक्रम अपनाइएको थियो सो छलफलमा

विद्यार्थीहरूलाई समूहगत रूपमा विभाजन गरी सामाजिक अध्ययन विषय सम्बन्धमा निम्नानुसारका प्रश्नहरूको उत्तर प्राप्त गर्ने उद्देश्यका साथ उपस्थिति गराइएको थियो । जस्तै पाठ्यपुस्तक भित्रका सजिला र अप्ठ्यारा पाठहरू के के छन्, अभ्यास र क्रियाकलापको स्थिति पाठ्यपुस्तक भित्रका चित्रहरू स्पष्ट छन् या छैनन्, विषयवस्तुको भाषा शैली उपयुक्त छ या छैनन, भनि अनुसन्धानकर्ता स्वयम उपस्थित भई अध्ययन सित सम्बन्धित आवश्यक जानकारी प्रतिक्रिया तथा सूचना सङ्कलन गर्ने कार्य भएको छ (जसलाई अनुसूची ५ मा राखिएको छ । )

**दस्तावेज विश्लेषण**

यस शोधकार्यमा दस्तावेज विश्लेषण अन्तर्गत अध्ययनकर्ताद्वारा प्रा.वि. तहका (सामुदायिक र संस्थागत) सामाजिक अध्ययन कक्षा ५ को वर्तमान पाठ्यक्रम र पाठ्यपुस्तकको अध्ययन गरिएको छ । यसरी विश्लेषणका क्रममा हालको सामाजिक विषयको पाठ्यवस्तुको तुलना गरी कस्तो छ, कस्तो हुनु पर्ने हो, विषयवस्तुको पाठ्यक्रम अनुसार क्षेत्रक्रम मिलेको छ, छैन, उद्देश्य र विषयवस्तुको व्यवहारिकता एवं समयसापेक्षता कस्तो रहेको छ, थुप्रै आधारमा आधारित रही अध्ययन गरी सूचना सङ्कलन गरिएको छ । प्रा.वि. तहको वर्तमान कक्षागत विशिष्ट उद्देश्यहरू र सामाजिक विषयको क्षेत्र र क्रम तालिका र पाठ्यभार विभाजन तालिका अनुसूची ६ र ७ मा देखाइएको छ ।

## ३.७ साधनहरूको वैधता निर्धारण

यस शोध अध्ययन कार्यलाई सम्पन्न गर्नको लागि यससँग सम्वन्धित अगाडिका विविध प्रतिवेदनहको अध्ययन गरी, समकक्षी साथीहरूसँगको बहस, छलफल अन्तर्क्रियाद्वारा, शोध निर्देशक ज्यूसँग वारम्बार सल्लाह लिएर, विभिन्न साधनहरूको निर्माण र प्रयोगद्वारा साथै शोध कार्यसँग सम्वन्धित विज्ञ व्यक्तिहरूसँगको छलफलद्वारा साधनको वैधता कायम गरी शोधपत्रलाई अन्तिम रूप दिने कार्य गरिएको छ ।

## ३.८ तथ्याङ्कका स्रोतहरू

यस शोध कार्यलाई सम्पन्न गर्नका लागि विभिन्न प्रकारका तथ्याङ्कहरूको आवश्यकता महशुस गरी ती तथ्याङ्कहरू निम्न स्रोतहरूबाट प्राप्त गरिएको छ ।

### प्राथमिक स्रोत

अनुसन्धानकर्ताले आफ्नो अनुसन्धानलाई पूरा गर्न स्थलगत रूपमा तथ्याङ्क सङ्कलन गर्नु पर्दछ त्यसरी प्राप्त हुने तथ्याङ्कको स्रोत प्राथमिक स्रोत हो (गुप्ता, १९९६)। यसरी प्राप्त हुने तथ्याङ्कहरू पहिलो पटक प्रयोगमा आएको हुन्छ । यसमा सम्वन्धित जनसंख्यालाई प्रत्यक्ष अर्न्तवार्ता, प्रश्नावली तथा लक्षित समूह छलफल निर्देशिकाको प्रयोग गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिकोले छनोटमा परेका विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, वि.नि., स्रोतव्यक्ति र विद्यार्थीबाट प्राप्त उत्तर नै प्राथमिक तथ्याङ्क स्रोतको रूपमा रहको छ ।

### द्वितीय स्रोत

तथ्याङ्कको द्वितीय स्रोत भनेको अन्य कुनै प्रयोजनको लागि सङ्कलन गरी प्रयोग भई सकेको पुनः प्रयोग गरिने तथ्याङ्क स्रोत हो (गुप्ता, १९९६) । यस स्रोतबाट पनि अनुसन्धानकर्ताले विभिन्न तथ्याङ्कहरू लिइ आफ्नो अनुसन्धान कार्यलाई अगाडि बढाउँदछन् । अनुसन्धानसंग सम्वन्धित छनौटमा परेका विभिन्न विद्यालयका विविध अभिलेख, शोध शीर्षकसँग सम्वन्धित लेख, अप्रकाशित शोधपत्रहरू अनुसन्धानका क्रममा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कको रूपमा रहेका छन् ।

## ३.९. तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथा द्वितीय तथ्याङ्कहरू संकलन गर्ने विधि नै तथ्याङ्क संकलन प्रक्रिया हो । यस शोध अध्ययनमा तथ्याङ्क सङ्कलन गर्ने क्रममा छनौटमा परेका विद्यालयका प्र.अ., वि.नि, स्रोतव्यक्तिसँग प्रत्यक्ष अन्तर्वार्ताद्वारा तथ्याङ्क सङ्कलन गरिएको छ भने छनौटमा परेका विद्यालयका विद्यार्थीहरूवाट आवश्यक सूचना जानकारी लिने उद्देश्यका साथ सवै विद्यालयहरूका छनौटमा परेका विद्यार्थीहरूलाई विदाको दिन पारी एउटा विद्यालयमा उपस्थित गराई लक्षित समूह छलफलको माध्यमबाट आवश्यक सूचना सङ्कलन

गरिएको छ भने अन्य आवश्यक तथ्याङ्कहरू प्राप्त गर्नका लागि द्वितीइ स्रोतको रूपमा विविध दस्तावेज, ऐतिहासिक अनुसन्धान अन्तर्गत शिक्षाविद्हरूका केही मिल्दाजुल्दा लेखहरूको अध्ययन गरी पहिलेका शोधपत्रहरूको अध्ययन गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.१० तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङ्क विश्लेषण प्रक्रिया भनेको संकलित सम्पूर्ण तथ्याङ्कहरूलाई आवश्यकता अनुसार विभिन्न विधिको प्रयोग गरी व्याख्या विश्लेषण गरिने प्रमुख कार्य हो । यस शोध अध्ययनसँग सम्वन्धित सङ्कलन गरिएका सुचना तथा तथ्याङ्कहरूलाई पनि आवश्यकता अनुसार तालिकीकरण गरी, व्याख्यात्मक तथा विश्लेषणात्मक विधिबाट अध्ययनलाई प्रस्तुत गरिएको छ ।

# परिच्छेद चारः तथ्याङ्कको व्याख्या र विश्लेषण

कुनै पनि अनुसन्धान कार्य गर्दा तथ्याङ्कको सङ्कलन पश्चात ती तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गर्नुपर्ने हुन्छ । यस शोध अध्ययनकार्यले सामुदायिक तथा निजी विद्यालयको सामाजिक अध्ययन विषयको पाठ्यवस्तुको मूल्याङ्कन गरी यसमा रहेका विषयवस्तुहरूको लेखाजोखा गर्दै प्राप्त भएको शैक्षिक उपलब्धीको तुलना गर्ने र सामाजिक विषयलाई भइरहेको भन्दा अझै थप प्रभावकारी वनाउन के के गर्न सकिन्छ, उपायहरू पत्ता लगाउने उद्देश्यले गरिएको अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि आवश्यक सूचना सङ्कलन गर्न २/२ वटा सामुदायिक तथा संस्थागत विद्यालय छनौट गरी, त्यस विद्यालयका प्र.अ., बिषयशिक्षक र विद्यार्थीहरूद्वारा विविध तथ्याङ्कका साधनको प्रयोग गरी सूचनाहरू सङ्कलन गरी अध्ययनकर्ताद्वारा दुवै विद्यालयमा पढाई भइरहेको सामाजिक अध्ययनको पाठ्यपुस्तकको विश्लेषण गरी प्राप्त सूचना तथा तथ्याङ्कहरूको यस परिच्छेदमा व्याख्या र विश्लेषण प्रस्तुत गरिएको छ ।

## ४.१ सामाजिक विषयको पाठ्यवस्तुको तुलना

यस उद्देश्यलाई प्राप्त गर्नका लागि छनौटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यापनमा प्रयोग भइरहेको सामाजिक विषयको पाठ्यवस्तुमा के कति समानता र अन्तर छ, विषयवस्तुको स्थिति कस्तो छ, पत्ता लगाउने उद्देश्यले कक्षा ५ को सामाजिक विषयको पाठ्यपुस्तकको विस्तृत रूपमा अध्ययन गरि तुलना गरिएको छ ।

### ४.१.१ सामुदायिक विद्यालयको सामाजिक विषयको पाठ्यवस्तु

यस अध्ययनमा सामुदायिक विद्यालयमा अध्यापन भईरहेको सामाजिक विषयको पाठ्यवस्तुको अध्ययन गरी त्यसमा उल्लेखित पाठ्यवस्तुको अवस्था यहाँ   विश्लेषण गरिएको छ ।

सामुदायिक विद्यालयमा अध्यापन हुने सामाजिक विषयमा जम्मा सातवटा एकाईहरू उल्लेख गरिएका छन् । एकाई एकमा आफू, आफ्नो परिवार र छरछिमेक शीर्षक अन्तर्गत मेरा छिमेकीको पेशा, छिमेकीहरूसँगको व्यवहार, समुदायको काममा सहयोग, समान व्यवहार र अरूलाई पनि बुझौं भन्ने उपशीर्षकहरू समावेश गरिएका छन् । एकाई दुईमा हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता शीर्षक अन्तर्गत हाम्रो परम्परा, हाम्रो भाषा र भेषभुषा, हाम्रा चाडपर्वहरू, हाम्रो परम्परा, हाम्रो गौरब र जिल्लाका असल मानिस भन्ने उपशीर्षकरू उल्लेख छन् । एकाई तीनमा सामाजिक समस्या र समाधान शीर्षकमा  कुलतबाट बचौं र बचाऔं, चोरी, डकैती र यसबाट बच्ने उपाय,अनावश्यक नक्कल नगरौं, मेलमिलाप, सामाजिक संघसंस्था र हाम्रा स्थानिय निकाहरूको भूमिका उपशीर्षकहरू रहेका छन् । एकाई चारमा नागरिक चेतना शीर्षक अन्तर्गत हाम्रो अधिकार, हाम्रा कर्तव्यहरू, हाम्रो राष्ट्रिय सम्पदा, हाम्रा सामाजिक नियमहरू, जिल्ला विकास समिति, जिल्ला विकास समितिका कार्यहरू, समान व्यवहार र आपसी मेलमिलाप उपशीर्षक राखिएका छन् । एकाई पाँचमा हाम्रो पृथ्वी  शीर्षकमा नेपालको प्राकृतिक स्वरूप, नेपालको हावापानी र जनजीवन, नेपालको प्राकृतिक वनस्पति, हाम्रो देशको माटो, नक्शा बनाउन सिकौं, नक्शामा संकेतहरू भरौं, ग्लोब र नक्शाको प्रयोग, हाम्रा छिमेकी देश वंगलादेश, पाकिस्तान र भुटान,  श्रीलंका, माल्दिभ्स र आफगानिस्तान उपशीर्षक रहेका छन् । एकाई छ मा हाम्रो विगत शीर्षक अन्तर्गत हाम्रा समुदायका ऐतिहासिक वस्तुहरू, ाम्रा समुदायका ऐतिहासिक व्यक्तिहरू, प्राचीन नेपाल, हाम्रा राष्ट्रिय विभूतिहरू : जनक, सीता, बुद्ध, अरनिको, शंखधर र अंशुवर्मा, साथै पृथ्वीनारायण, वलभद्र र अमर सिंह र हाम्रा राष्ट्र प्रमूख तथा सरकार प्रमूख उपशीर्षकहरू रहेका छन् । त्यसैगरी एकाई सातमा हाम्रो आर्थिक क्रियाकलाप शीर्षक अन्तर्गत डोल्माको जिल्लाका मानिसले गर्ने काम, विद्यालयका सामानहरू, स्वदेशी उत्पादन, स्वदेशी सामानहरूको प्रयोग र हाम्रो देशको आर्थिक क्रियाकलाप उपशीर्षक समावेश छन् ।

### ४.१.२ संस्थागत विद्यालयको सामाजिक विषयको पाठ्यवस्तु

संस्थागत विद्यालयमा अध्यापन भइरहेको सामाजिक विषयको अध्ययन गरी विषयवस्तुको जानकारी लिने उद्देश्यले उक्त विषयको पाठ्यवस्तुलाई यहाँ व्याख्या र विश्लेषण गरिएको छ ।

संस्थागत विद्यालयमा पढाई भइरहेको सामाजिक विषयमा जम्मा बीसवटा पाठहरू समावेश गरिएका छन् । पाठ एकमा हामी परिवारमा बस्छौं शीर्षक उल्लेख गरिएको छ । पाठ दुईमा हामी समुदायमा बस्छौं शीर्षक दिइएको छ । पाठ तीनमा हाम्रो रीतिरिवाज र परम्परा भन्ने शीर्षक रहेको छ । पाठ चारमा हाम्रो साँस्कृतिक प्रचलनहरू भन्ने शीर्षक उल्लेख गरिएको छ । पाठ पाँच हाम्रा आधारभुत अधिकार र कर्तव्यहरू उल्लेख छ । पाठ छ मा हाम्रा साँस्कृतिक संघसंस्थाहरू शीर्षक दिइएको छ । पाठ सातमा हामी नेपालका बासिन्दा हौं भन्ने शीर्षक समावेश गरिएको छ । पाठ आठमा हाम्रो देश शीर्षक समावेश गरिएको छ । पाठ नौ मा हाम्रा ऐतिहासिक राजाहरूको वारेमा उल्लेख गरिएको छ । पाठ दशमा नेपालको प्रशासनिक वाँडफाँड शीर्षक राखिएको छ । पाठ एघारमा हाम्रा प्राकृतिक सम्पदाहरू शीर्षक राखिएको छ । पाठ बाह्रमा हाम्रो देशको कृषि राखिएको छ । पाठ तेह्रमा हाम्रो देशको उद्योग रहेको छ । पाठ चौधमा नेपालका साहसी वीर सपुतहरू उल्लेख गरिएको छ । पाठ पन्ध्रमा नक्शा कसरी बनाउने शीर्षक अन्तर्गत नक्शा बनाउने तरीका उल्लेख गरिएको छ । पाठ सोह्रमा हाम्रो पृथ्वी उल्लेखित छ । पाठ सत्रमा पृथ्वीको चाल रहेको छ । पाठ अठारमा सौर्य प्रणाली भन्ने शीर्षक छ । पाठ उन्नाइसमा संयुक्त राष्ट्र संघ शीर्षक उल्लेख छ भने पाठ बीसमा सार्क राष्ट्रहरू उल्लेख गरिएको छ ।

### ४.१.३ सामाजिक विषयको पाठ्यवस्तुमा रहेका समानताहरू

सामुदायिक विद्यालयमा अध्यापनरत सामाजिक विषय र संस्थागत विद्यालयमा अध्यापनरत सामाजिक विषयको गहन अध्ययन, अवलोकन गरी यसका पाठ्यवस्तुहरूको विष्लेषण पश्चात यी दुवैमा प्राप्त भएका समानताहरूमा मेरो परिवार, छिमेक भन्ने शीर्षक दुवै सामाजिक विषयमा उल्लेख गरिएको छ । समुदायको काममा सहयोग गर्नुपर्ने, साँस्कृतिक मूल्य, मान्यता, परम्परा, भाषा, धर्म र चाडपर्वहरूको वारेमा दुवैमा उल्लेख गरिएको छ । सामाजिक समस्याका वारेमा प्रष्ट पार्दै यसका समाधानका लागि सचेत हुनपर्ने ज्ञान दुवैका पाठ्यवस्तुहरूले दिएका छन् । समाजमा सबैसँग मेलमिलापको भावना बढाउनुपर्ने, सामाजिक संघसस्थाहरूको वारेमा जानकारी दिने कुरा समान छन् । नागरिक चेतना अन्तर्गत अधिकार र कर्तव्यका वारेमा विषयवस्तुहरू दुवैमा उल्लेख छ । सामाजिक नियमहरू, समानव्यवहारका

वारेमा पनि दुवै विद्यालयका सामाजिक विषयको पाठ्युपस्तकमा जानकारी दिइएको छ । नक्शा बनाउन सिकाउने उद्देश्यले दुवै पाठ्यपुस्तकमा विषयवस्तु समावेश गरिएको छ । सार्क राष्ट्रको परिचय, राष्ट्रिय विभुतिहरू, प्राचीनकालको नेपालको परिचय, हाम्रा सरकार प्रमूख तथा राष्ट्र प्रमूखहरू त्यसैगरि आर्थिक क्रियाकलाप अन्तर्गत हाम्रो देशको आर्थिक क्रियाकलाप र स्वदेशी उत्पादन जस्ता विषयवस्तुहरू दुवै विद्यालय तर्फका सामाजिक विषयका समान पाठ्यवस्तु हुन् ।

### ४.१.४ सामाजिक विषयको पाठ्यवस्तुमा रहेका असमानताहरू

सामुदायिक र संस्थागत विद्यालयमा पढाइ हुने सामाजिक विषयको कक्षा ५ को पाठ्यपुस्तकको अध्ययन विश्लेषण पश्चात  त्यस भित्र रहेका पाठ्यवस्तुमा केहि असमानताहरू पनि पाइएका छन् । सामुदायिक प्रा.वि. तर्फको सामाजिक विषयमा ७ वटा एकाई उल्लेख छन् भने संस्थागत प्रा.वि.तर्फको सामाजिक विषयमा एकाइगत रूपमा नछुयाई सोझै २० वटा पाठहरू उल्लेख गरिएका छन् । सामुदायिक तर्फको सामाजिक शिक्षामा जम्मा ४३ पाठहरू समावेश समावेश छन् । एकाइ एकमा आफू, आफ्नो परिवार र छरछिमेकका वारेमा जानकारी प्रदान गर्न ५ वटा पाठहरू समावेश गरिएको छ तर आफ्नो परिवारको वारेमा विषयवस्तु उल्लेख गरिएको छैन भने संस्थागत प्रा.वि.तर्फको सामाजिक पाठ्यपुस्तकमा यससँग मिल्ने २ वटा मात्र पाठ राखिएका छन् तर आफ्नो परिवारको परिचय सहित परिवारका प्रकार, परिवारमा बस्ने सदस्यका बारेमा यसमा धेरै जानकारी प्रदान गरिएको छ । एकाई दुईमा हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता भन्ने शीर्षकको विषयमा जानकारी दिने उद्देश्यले ५ वटा पाठहरू सामुदायिक विद्यालय तर्फको सामाजिक विषयमा समावेश गरिएका छन् भने २ वटा मात्र पाठ संस्थागत विद्यालयको सामाजिक विषयमा छन् । सामाजिक समस्या सम्वन्धी ६ वटा पाठहरू सामुदायिक विद्यालयको पढाईहुने सामाजिक विषयमा छन् भने एउटै मात्र पाठ संस्थागत विद्यालयको सामाजिक विषयमा समावेश छ ।

नागरिक चेतना को वारेमा जानकारी दिने उद्देश्यले तयार पारिएको पाठ्यवस्तु अन्तर्गत सामुदायिक प्रा.वि. तर्फ ७ वटा पाठ समाविष्ट छन् । हाम्रो पृथ्वीको वारेमा ९ वटा पाठ शीर्षक अन्तर्गत सामुदायिक प्रा.वि. तर्फ वर्णन गरिएको छ भने संस्थागत विद्यालय तर्फ ५ वटा मात्र

पाठ समावेश गरिएको छ। त्यसै गरी हाम्रो विगत भन्ने शीर्षक अन्तर्गत ७ वटा पाठहरू सामुदायिक प्रा.वि.तर्फको सामाजिक विषयमा उल्लेखित छन् भने २ वटा मात्र पाठ संस्थागत तर्फको सामाजिक विषयमा छन् । हाम्रो आर्थिक क्रियाकलापको वारेमा क्रमशः सामुदायिक र संस्थागत विद्यालयमा ५ र २ वटा पाठहरू समावेश गरिएका छन्। त्यसैगरी हाम्रो ब्रम्हाण्डको वारेमा संस्थागत प्रा.वि. तर्फको सामाजिक विषयमा २ वटा पाठ समाविष्ट छन् तर पाठ्यक्रममा नै उल्लेख नभएकोले गर्दा सामुदायिक विद्यालयको सामाजिक विषयमा पाठ्यवस्तुको रूपमा यसको वारेमा उल्लेख गरिएको छैन्। समग्रमा विश्लेषण गर्दा सामुदायिक प्रा.वि.मा पढाई भइरहेको सामाजिक विषयको पाठ्यपुस्तक पाठ्यक्रममा आधारित रहि तयार भएको पाइएको छ भने संस्थागत तर्फको सामाजिक विषयमा पाठ्यपुस्तकहरू केहि व्यापक र पाठ्यक्रममा उल्लेख भए भन्दा बढी रहेको पाइएको छ।

पाठ्यक्रम विकासको उद्देश्य मूलक नमुनाले पाठ्यक्रम विकास गर्दा समाज र संस्कृतिको विश्लेषण, सिकारूको बौद्धिक तथा मानसिक विकास, ज्ञानको स्वरूपमा आउने परिवर्तन, विज्ञान र प्रविधिको स्वरूपमा आउने परिवर्तन आदिको आधारमा गर्नुपर्ने आवश्यकता उल्लेख गर्दछ। सिकारूको आवश्यकता, स्तर आदिको निदान गरी पाठ्यवस्तु तथा सिकाइ अनुभवको छनौट र संगठन गर्नुपर्ने आवश्यकता उल्लेख गर्दछ। परम्परागत रूपबाट नभई तार्किक एवम् क्रमवद्ध पद्धतिबाट विषयवस्तु छनौट गर्नुपर्ने मान्यता राख्दछ। विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन उपयुक्त पाठ्यवस्तुको आवश्यकता पर्ने तर विषयवस्तुको तर्कपूर्ण छनौट गर्नु एक कठिन कार्य हो। विषयवस्तुको क्षेत्र र मात्रा व्यापक रहेमा तोयिएको समय भित्र बालकले पूर्णरूपमा सिक्न सक्दैन तसथै विषयवस्तुको छनौटले उद्देश्य प्राप्तीमा स्पष्टता ल्याई सिकाइ कार्यलाई सजिलो बनाउछ तसर्थ पाठ्यवस्तु छनौट गर्दा विद्यार्थीको रूचि, स्तर, आवश्यकतालाई विशेष ध्यान दिदै तिनीहरूको सान्दर्भिकता तथा संगतीसमेत निर्धारण गर्नुपर्ने कुरा यस सिद्धान्तमा उल्लेख गरिएको भए पनि सामाजिक शिक्षाको पाठ्यक्रमको विषयवस्तु छनौटमा अन्यौलता थपिदिएको छ। कुन विषयवस्तुलाई प्राथमिकता दिने भन्ने सम्बन्धमा कठिनाइ उत्पन्न भएको छ। कुन कुन विषयवस्तुलाई स्थान दिने, विद्यालयले के पढाउने हरेक विषयमा ज्ञानको कति मात्रा निर्धारण गर्ने साथै सामाजिक घटनाहरूको परिवर्तनसँगै

पाठ्यवस्तुपनि हेरफेर गर्नु पर्ने या पहिलेकै पाठ्यवस्तुहरू समावेश गराइरहनु पर्ने आदि जस्ता समस्या सामाजिक विषयका विषयवस्तुका प्रमुख समस्या रहेका छन् ।

## ४.२ सामाजिक विषयको विषयवस्तुको लेखाजोखा

यस उद्देश्य शीर्षक अन्तर्गत अध्ययन गर्दा छनौटमा परेको तहको सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकको अध्ययन, विश्लेषण गरी त्यसभित्र रहेका विषयवस्तुको क्षेत्र र क्रम, त्यसभित्र रहेका अभ्यास र क्रियाकलापहरुको अवस्था, विषयवस्तुसँग सान्दर्भिक चित्रहरुको स्थिति, विषयवस्तुहरुको भाषागत स्तरीयता आदिको वारेमा जानकारी लिइएको छ ।

### ४.२.१ सामुदायिक प्रा.वि.मा पढाई हुने सामाजिक विषयको पाठ्यपुस्तकमा उल्लेखित विषयवस्तुको लेखाजोखा

प्राथमिक तहमा अध्यापन हुने अनिवार्य र महत्वपूर्ण विषयको रूपमा सामाजिक अध्ययनलाई लिइन्छ । यस अध्ययनमा सामुदायिक प्रा.वि. को सामाजिक विषयको विषयवस्तुको लेखाजोखा गर्ने उद्देश्यले त्यसमा उल्लेख गरिएका विभिन्न विषयवस्तुलाई यहाँ अध्ययन गरी विश्लेषण गरिएकोछ ।

सामुदायिक प्रा.वि. को सामाजिक विषयमा जम्मा ७ वटा एकाई अन्तर्गत विभिन्न ४३ वटा उपशीर्षकहरूमा विषयवस्तुलाई विस्तार गरिएको छ । जसले भूगोल, समाजशास्त्र, इतिहास, अर्थशास्त्र जस्ता विषयवस्तुहरू समेटेर पाठ्यपुस्तक निर्माण गरेको पाइन्छ । एकाई एकको मूख्य उदेश्य आफु, आफ्नो परिवार र छरछिमेकको बारेमा जानकारी गराउने रहेको छ । एकाई दुईको उदेश्य हाम्रो परम्परा, सामाजिक मूल्य मान्यताहरूको बारेमा ज्ञान दिने रहेको छ । एकाई तीनको माध्यमबाट सामाजिक समस्याहरूको पहिचान गरि तिनीहरूको समाधानका उपायहरूको ज्ञान दिने उदेश्य रहेको छ । एकाई चारको प्रमूख उदेश्य नागरिक चेतनाको बारेमा ज्ञान दिई सचेत गराउने रहेको छ । एकाई पाँचको उदेश्य हाम्रो पृथ्वीको बारेमा जानकारी गराउने रहेको छ । एकाई छ को मूख्य उदेश्य हाम्रो विगत बारेमा जानकारी दिनु रहेको छ भने एकाई सातले हाम्रो आर्थिक क्रियाकलापको बारेमा जानकारी दिने उदेश्य राखेको छ ।  यसमा विषयवस्तुको निर्माण पाठ्यक्रम अनुसार नै गरेको पाइन्छ । विषयवस्तुको संगठन्

र प्रस्तुतिको क्रम सरल देखि जटिल तर्फ, प्रत्यक्षवाट अप्रत्यक्षतिर तथा कालक्रम आदि जस्ता शिक्षाका सिद्धान्त अनुसार व्यवस्थित  गरेको पाइन्छ । विषयवस्तुहरूलाई विद्यार्थीको पूर्वज्ञान, रूची, स्तर र क्षमताको आधारमा समावेश गरिएको छ । विषयवस्तुहरूलाई थप प्रष्ट पार्नको लागि विविध संवाद, चिठीपत्र, अभिनय, कथा र कविताको प्रयोग गरी प्रस्तुत गरिएको छ । प्रत्येक एकाईका पाठ शीर्षक अन्तर्गत विभिन्न चित्रहरूको माध्यमबाट शीर्षक सम्बन्धी विषयवस्तुलाई प्रष्ट्याइएको छ, जसले विद्यार्थीहरूलाई अझ बुझ्न मद्दत गर्छ । धेरै जसो पाठहरूमा प्रयोगात्मक क्रियाकलाप सहित पठनपाठन गराउनु पर्ने खालका विषयवस्तुहरू समावेश गरिएको छ ।

यस विषयको विषयवस्तुहरूले शिक्षाको राष्ट्रिय उद्देश्य, सामाजिक अध्ययनको तहगत उद्देश्य र कक्षागत उद्देश्य, विद्यार्थीहरूको स्तर, आवश्यकता, विषयवस्तुको व्यवहारिकता र समय सापेक्षता जस्ता पक्षलाई ध्यानमा राखि विषयवस्तुलाई एकाई तथा पाठहरूमा राखेको कुरा प्रष्ट हुन्छ । विषयवस्तुहरूको प्रस्तुति र विश्लेषण पनि सरल भाषामा विद्यार्थीले सजिलै बुझ्न सक्ने भएको मान्न सकिन्छ । पाठ्यपुस्तकमा विविध उदाहरण, चित्र, कथा, नक्शा आदिका माध्यमबाट विद्यार्थीका निमित्त संगठित र व्यवस्थित गरेका आधारमा विषयवस्तुहरू उपयुक्त नै भएको पाउन सकिन्छ ।

यस सम्बन्धमा थप जानकारी प्राप्त गर्ने उद्देश्यले छनौटमा परेका सामुदायिक प्रा.वि. का प्र.अ., विषय शिक्षक, वि.नि. स्रोत व्यक्ति तथा विद्यार्थीहरूलाई पनि यस बारेमा प्रश्न गर्दा धेरैबाट यस विषयको क्षेत्र , क्रम, विद्यार्थीको स्तर, रूची आदिलाई मध्यनजर गरेर नै यसका विषयवस्तुहरू तयार पारिएको जानकारी प्राप्त भएको छ । यसमा समाविष्ट विविध क्रियाकलापहरू शिक्षण सिकाईका लागि अति आवश्यक भए पनि समय अभावका कारण सबै क्रियाकलाप गर्न गराउन नसकिने उनीहरूको धारणा छ । यस भित्र उल्लेखित चित्र, नक्शा र उदाहरण पनि समय सापेक्ष भएको केही विषय शिक्षकहरूले बताएका छन् भने केहीले बाझिने भएकोले बुझ्न नसकिने छन् । यसलाई स्पष्ट बुझिने खालका बनाइनु पर्ने वताए भने विद्यार्थीहरूले रंगीन रूपमा प्रस्तुत गरेमा अझ स्पष्टसँग बुझ्न सकिने जनाए । विषयवस्तुको

व्याख्या र प्रस्तुतीकरण एकाई ५ मा अन्य एकाईको भन्दा तुलनात्मक रूपमा गहन र बुझ्न गाह्रो पर्ने भएको पनि उनीहरूले जनाएका छन् ।

## ४.२.२ संस्थागत प्रा.वि.मा पढाई हुने सामाजिक विषयको पाठ्यपुस्तकमा उल्लेखित विषयवस्तुको लेखाजोखा

संस्थागत प्रा.वि.मा पढाई हुने सामाजिक विषयको पाठ्यपुस्तकमा उल्लेख भएका विषयवस्तुको लेखाजोखा गर्नका लागि विषयवस्तुहरूलाई यहाँ उल्लेख गरी अध्ययन गरी लेखाजोखा गरिएको छ ।

संस्थागत प्रा.वि.मा पढाई हुने सामाजिक विषयमा जम्मा २० वटा पाठशीर्षकहरू उल्लेख गरिएका छन् । पाठ एकको मूल उद्देश्य परिवारमा बसेर परिवारका लागि गर्नुपर्ने कर्तव्यको बारेमा ज्ञान दिनु रहेको छ । पाठ दुईको उद्देश्य हाम्रो समुदायको बारेमा जानकारी दिने रहेको छ । पाठ तीनको उद्देश्य हाम्रो रीतिरिवाज र परम्परा प्रति सचेत नागरिक तयार गर्ने रहेको छ । पाठ चारको उद्देश्य साँस्कृतिक चालचलनहरूका वारेमा सचेत गराउने रहेको छ । पाठ पाँचले नागरिकका अधिकार र कर्तव्यका बारेमा ज्ञान दिएको छ । पाठ छ को मूख्य उद्देश्य हाम्रा सामाजिक संघसंस्थाहरूको जानकारी गराउनु रहेको छ । पाठ सातले हामी नेपालका बासिन्दा हौं भन्ने शीर्षकद्वारा नेपालका बासिन्दाले नेपाललाई सधैं जोगाई राख्नुपर्ने सन्देश दिएको छ । पाठ आठको उद्देश्य हाम्रो देशको बारेमा विद्यार्थीहरूलाई जानकारी दिनु रहेको छ । पाठ नौ को उद्देश्य हाम्रा ऐतिहासिक राजाहरूको परिचय गराउनु रहेको छ । पाठ दशको उद्देश्य प्रशासनिक आधारमा नेपालको बाँडफाँड बारे ज्ञान दिने रहेको छ । पाठ एघारको उद्देश्य हाम्रा प्राकृतिक सम्पदाहरूको विषयमा जानकारी दिई तिनीहरूको जगेर्ना गर्न चेतना दिने रहेको छ । पाठ बाह्रको मूल उद्देश्य नेपालको कृषिको बारेमा जानकारी दिने रहेको छ । पाठ तेह्रको उद्देश्य हाम्रो देशको उद्योगको अवस्थाको बारेमा जानकारी दिनु रहेको छ । पाठ चौधको उद्देश्य नेपालको साहसी वीरहरूको वारेमा जानकारी दिने रहेको छ । पाठ पन्ध्रको उद्देश्य नक्शा बनाउन सिकाउने रहेको छ । पाठ सोह्रको उद्देश्य हाम्रो पृथ्वीको बारेमा जानकारी दिने रहेको छ । पाठ सत्रमा पृथ्वीको चाल शीर्षकद्वारा पृथ्वीको परिक्रमण र परिभ्रमणको बारेमा ज्ञान दिन

खोजिएको छ। पाठ अठारको मूख्य उद्देश्य सौर्य मण्डलको बारेमा जानकारी गराउने रहेको छ। पाठ उन्नाइसको उद्देश्य संयुक्त राष्ट्रसंघको बारेमा जानकारी प्रदान गर्नु रहेको छ भने पाठ बिसको उद्देश्य सार्क राष्ट्रहरूको बारेमा ज्ञान दिनु रहेको छ। विद्यार्थीहरूलाई विषयवस्तुहरूको जानकारी चित्र, उदाहरण र नक्शाद्वारा गराइएको छ। यस विषयमा सामुदायिक विद्यालयको सामाजिक विषयको पाठ्यपुस्तकमा भन्दा तुलनात्मक रूपमा व्यापक विषयवस्तुहरू समावेश गरिएका छन्। धेरै जसो पाठहरू प्रयोगात्मक तरीकाद्वारा मात्र अध्यापन सम्पन्न गर्नुपर्ने खालका छन्। कतिपय पाठका विषयवस्तुहरू विद्यार्थी आफैले खोजेर पत्ता लगाउनुपर्ने जस्ता कार्य सँग सम्बन्धित छन्। विषयवस्तुहरूलाई चित्रात्मक विधिद्वारा प्रष्ट पार्न खोजिएको छ। यस विषयमा दुइवटा पाठहरू सामुदायिक तर्फको सामाजिक विषयमा उल्लेख नभएका छन्। जसलाई यहाँ थप विषयवस्तुको रूपमा लिन सकिन्छ। यस विषयको अध्ययन विश्लेषण गर्दा पाठ शीर्षक अन्तर्गत जति विषयवस्तु समावेश गरिएका छन् सबै विषयवस्तु सतही रूपमा मात्र नभएर गहन रूपमा विस्तृत ज्ञान दिने खालका छन् जुन सामुदायिक विद्यालयको सामाजिक पाठ्यपुस्तकमा उल्लेखित विषयवस्तु मात्र परिचय दिने खालका छन्। यसरी समग्रमा विश्लेषण गर्दा त्यहाँ अध्ययनरत विद्यार्थीहरूको आवश्यकता बमोजिम नै विषयवस्तु छनोट तथा संगठन गरिएको पाइन्छ।

यस शीर्षकसँग थप जानकारी लिने उद्देश्यले छनौटमा परेका विद्यालयका प्र.अ., विषय शिक्षक तथा विद्यार्थीहरू साथै स्रोतव्यक्तिलाई यस बारेमा प्रश्न गर्दा उनीहरूले सामुदायिक विद्यालयको भन्दा अलि बढी मेहनती विद्यार्थी र शिक्षक संस्थागत विद्यालयमा भएका कारण विषयवस्तुहरू तुलनात्मक रूपमा सामुदायिक विद्यालयमा पढाई हुनेभन्दा विस्तृत र गहन भएता पनि उनीहरूले बुझ्न सक्ने खालका नै भएको बताएका छन्। यस विषयको क्षेत्र, क्रम, पाठ्यक्रम अनुरूप पूर्ण रूपमा नभएको साथै यसमा पाठ्यक्रममा उल्लेख भए भन्दा बढी विषयवस्तु समावेश गरिएको छ। यसमा समावेश गरिएका क्रियाकलाप, अभ्यास रूचीपूर्ण नै छन् तर पनि कार्यान्वयन गर्दा खर्चिलो हुने साथै समय पनि धेरै लाग्ने भएकाले अन्य विषयको अध्ययन अध्यापनमा यसले केहि वाधा पुऱ्याउन जान्छ। विषयवस्तुको व्याख्या तथा प्रस्तुतीकरण पनि एउटै शीर्षकमा असमान रूपले गरिएको छ। जस्तै : सामुदायिक विद्यालय

तर्फको सामाजिक विषयमा परिचय मात्र प्रस्तुत गरिएको छ भने संस्थागत प्रा.वि.मा पढाई हुने सामाजिक विषयमा परिचयका साथै विस्तृत रूपमा ज्ञान दिने खालका विषयवस्तु समावेश भएको उनीहरूको भनाई छ तर पनि नियमित गृहकार्य दिने परीक्षण गर्ने साथै मेहनत बढी गर्ने गराउने गरेकोले त्यहाँ अध्ययनरत विद्यार्थीहरूको स्तर बमोजिम नै विषयवस्तु छनौट गरिएको मान्न सकिने उनीहरूको राय छ। यस विषयको पाठ सत्र र अठार अन्य पाठको तुलनामा केही कठिन पाठ भएको विद्यार्थीहरूले जनाएका छन्।

### ४.२.३ सामाजिक विषयका विषयवस्तु सम्बन्धी धारणाः

यस अध्ययनमा छनौटमा परेका सामुदायिक र संस्थागत विद्यालयका सामाजिक विषय शिक्षकहरू ४ जना, प्र.अ.हरू ४ जना, १ जना स्रोत व्यक्ति, १ जना वि.नि. तथा १६ जना विद्यार्थीहरू गरी जम्मा २६ जनासँग सम्वन्धित शीर्षक माथि रहेर विविध तथ्याङ्कका साधनहरूको प्रयोग गरेर तथ्याङ्क सङकलन गर्ने कार्य गरिएको छ। जस अनुसार उनीहरूको राय निम्न तालिकामा प्रस्तुत  गरिएको छ।

तालिका नं. १. सामाजिक विषयका विषयवस्तु सम्बन्धी धारणा

| क्र.सं. | विवरण | संस्थागत प्रा.वि.का जम्मा उत्तरदाता (१४) | | सामुदायिक प्रा.वि.का जम्मा उत्तरदाता (१४) | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | विद्यार्थीको स्तर बमोजिम | ६ | ४२.८% | ४ | २८.६% | |
| २ | विषयवस्तुको क्षेत्र र क्रम मिलेको | ८ | ५७.१% | १० | ७१.४% | |
| ३ | क्रियाकलाप र अभ्यास गराउन कठिनाई भएको | ४ | २८.६% | ४ | २८.६% | |
| ४ | विषयवस्तु व्यवहारिक भएको | ८ | ५७.१% | ६ | ४२.८% | |
| ५ | चित्र रंगीन भएको | १२ | ८५.७ % | - | - | |
| ६ | चित्र रंगीन नभएको | - | - | १४ | १०० % | |
| ७ | विषयवस्तुको व्याख्या र प्रस्तुतीकरण असमान | ६ | ४२.८% | ५ | ३५.७% | |
| ८ | प्रयोगात्मक कार्यलाई जोड दिनु जरूरी भएको | २ | १४.३% | ४ | २८.८% | |

स्रोत : स्थलगत सर्वेक्षण २०६९

माथिको तालिका अनुसार नमूना छनौटमा रहेका विद्यालयका सामाजिक विषय शिक्षक, प्र.अ., स्रोत व्यक्ति, वि.नि. र विद्यार्थीहरूबाट उद्देश्य शीर्षकमाथि केन्द्रित रहि विविध साधनहरूको प्रयोगद्वारा सूचना सङ्कलन गरिएको छ । जसमध्ये विद्यार्थीको स्तर, रूची बमोजिम नै सामाजिक विषयका विषयवस्तु छनौट गरिएका छन् भन्ने संस्थागत प्रा.वि.का उत्तरदाता चौध जना मध्ये छ जनाले बताएका छन् अर्थात ४२.८% ले जनाएका छन् भने सामुदायिक प्रा.वि.का २८.५ ले विषयवस्तु विद्यार्थीको स्तर बमोजिम नै चयन भएको जनाएका छन् । विषयवस्तुको क्षेत्र र क्रम मिलेको छ भन्ने सस्थागत प्रा.वि. तर्फका ५७.१% ले जनाएका छन् भने सामुदायिक प्रा.वि. तर्फका ७१.४% ले क्षेत्र र क्रम मिलेको छ भन्ने राय प्रकट गरेका छन् । सामाजिक विषयको कार्यान्वयनको अवस्थामा पाठ्यपुस्तकले गर्न लगाएका क्रियाकलाप र अभ्यास गर्न, गराउनमा कठिनाई हुन्छ भन्ने कुरामा संस्थागत प्रा.वि.का २८.६% सहमत

देखिन्छन् भने सामुदायिक प्रा.वि. तर्फका २८.६% शिक्षकहरू पनि विविध समस्याको कारणले गर्दा क्रियाकलापहरू गराउन असम्भव र कठिन पर्नेमा सहमत छन् । सामाजिक विषयभित्रका विषयवस्तुको स्थिति अन्तर्गत व्यवहारिक विषयवस्तुहरू यस विषयले उल्लेख गरेको छ भन्ने उत्तरदाताको सङ्ख्या संस्थागत तर्फ ८ जना र सामुदायिक तर्फ ६ जना रहेको छ जुन प्रतिशतमा क्रमशः ५७.१% र ४२.८% हुन आउछ । संस्थागत प्रा.वि. र सामुदायिक प्रा.वि. मा पढाई भईरहेको सामाजिक विषयको अध्ययन गर्दा यस भित्रका विषयवस्तुहरूको व्याख्या र प्रस्तुतीकरण शैली  असमान रहेको भन्ने उत्तरदाताको प्रतिशत ४२.८% छ भने सामुदायिक विद्यालय तर्फका उत्तरदाताको प्रतिशत ३५.७% रहेको छ ।

त्यसैगरी सामाजिक विषयभित्रका विषयवस्तुलाई थप प्रष्ट्याउनका लागि प्रयोग भएका चित्रहरू रंगीन भएको भन्ने उत्तरदाता ८५.७% संस्थागत प्रा.वि. तर्फको रहेको छ । त्यसरी नै चित्रहरू रंगीन छैनन् भन्ने सामुदायिक प्रा.वि. तर्फका उत्तरदाता १००% रहेको पाइन्छ । यस विषयको कार्यान्वयन गर्दा सैद्धान्तिक पक्षसँग सँगै प्रयोगात्मक पक्षलाई पनि विशेष जोड दिएर लान सके विद्यार्थीको समग्र पक्षको विकासमा सहयोग पुग्ने भएकोले प्रयोगात्मक कार्यमा ध्यान दिनु जरूरी छ भन्ने संस्थागत विद्यालयका २ जना अर्थात १४.२% उत्तरदाताको भनाई छ भने सामुदायिक विद्यालयका ४ जना अर्थात २८.५% ले पनि प्रयोगात्मक कार्यमा विशेष जोड दिनु जरूरी भएको जनाएका छन् ।

कुनै पनि कुराको सिकाइमा विगतका अनुभवहरू र ज्ञानको ठूलो महत्व हुन्छ किनकी प्रत्येक व्यक्तिले यसैका आधारमा नयाँ ज्ञान सिक्दछ । प्रत्येक बालक आफ्नो पारिवारिक वातावरण, सामाजिक परिवेश र संस्कृतिद्वारा प्रभावित हुन्छ र नयाँ ज्ञान, सीप र अनुभवहरू पनि संस्कृति र वातावरणबाट प्रभावित हुन्छन् भनि सहकारी सिकाइ सिद्धान्तमा भिगोत्स्कीले उल्लेख गरेका छन् । उनको यो दर्शन सामाजिक संगठन, सामाजिक क्रियाकलाप, सामाजिक मुल्य र मान्यता वा सामाजिक संरचनामा आधारित छ । अरूका अनुभव र शंकास्पद तथ्यहरूलाई नकारी बालबालिकाहरूको स्वस्फूर्त सिर्जना र आफ्नै अनुभवहरूमा आधारित छ भनी यस सिद्धान्तमा उल्लेख गरिएको छ र यो अनुसन्धान पनि सामाजिक विषय नै रहेकोले

सामाजिक विषय भित्रका विषयवस्तुहरूले पनि विविध क्रियाकलाप र अभ्यासको माध्यमद्वारा बालकहरूलाई सिर्जनशील तथा मूल्यमान्यता प्रति सचेत नागरिक बनाउने उद्देश्य लिएकोले यो सिद्धान्त यस अध्ययनसँग सम्बन्धित रहेकोले यसमा समावेश गरी अध्ययन गरिएको छ।

## ४.३ सामाजिक विषयको शैक्षिक उपलब्धीको लेखाजोखा

यो शीर्षक अन्तर्गत रहेर छनौटमा परेका विद्यालयहरूको सामाजिक विषय कक्षा ५ को २०६७ र २०६८ सालको शैक्षिक उपलब्धीको अध्ययन गरिएको छ। जसमा छनौटमा परेका विद्यालयहरूको विद्यार्थीहरूको सामाजिक विषयको प्राप्ताङ्कलाई छुट्टाछुट्टै मध्यक निकाली प्रतिशतमा रूपमान्तरण गरि पुनः संस्थागत र सामुदायिक विद्यालयहरूको प्राप्त शैक्षिक उपलब्धीलाई निम्न तालिकामा वेग्ला वेग्लै प्रस्तुत गरी पुनः मध्यक लिइएको छ। यसरी दुवै प्रकारका विद्यालयको सामाजिक विषयको शक्षिक उपलब्धीको तुलना गरी हेर्दा निम्नानुसारको परिणाम प्राप्त भएको छ।

### ४.३.१ शैक्षिक सत्र २०६७ को शैक्षिक उपलब्धी

शैक्षिक सत्र २०६७ सालको सामाजिक विषयको छनौटमा परेका संस्थागत र सामुदायिक विद्यालयको सामाजिक विषयको शैक्षिक उलब्धी निम्नानुसार छ :

तालिका नं. २ शैक्षिक सत्र २०६७ को शैक्षिक उपलब्धी

| संस्थागत विद्यालय | | सामुदायिक विद्यालय | |
|---|---|---|---|
| विद्यालयको नाम | शैक्षिक उपलब्धी | विद्यालयको नाम | शैक्षिक उपलब्धी |
| श्री मकालु एकेडेमी | ७१.५६ | श्री बुधुक उ.मा.वि. | ३७.९५ |
| श्री राजारानी वोर्डिङ स्कुल | ७०.३२ | श्री मौनाबुधुक प्रा.वि. | ३६.४५ |
| जम्मा | १४१.८८ | जम्मा | ७४.४० |
| औषत | ७०.९४ | औषत | ३७.२० |

स्रोत : विद्यालय अभिलेख अध्ययन

माथि उल्लेखित तालिका अनुसार शैक्षिक सत्र २०६७ सालको संस्थागत प्रा.वि. तर्फ मकालु एकेडेमी स्कुलको कक्षा ५ का ९ जना विद्यार्थीहरूको सामाजिक विषयको शैक्षिक

उपलब्धी ७१.५६ र राजारानी ईंलिस बोर्डिङ को कक्षा ५ को ११ जना विद्यार्थीहरूको सामाजिक विषयको शैक्षिक उपलब्धी ७०.३२ देखिन्छ। जसको औषत शैक्षिक उपलब्धी ७०.९४ देखिन्छ। त्यसैगरी सामुदायिक प्रा.वि. तर्फ बुधुक उ.मा.वि. का कक्षा ५ का ६३ जना विद्यार्थीहरूको सामाजिक विषयको शैक्षिक उपलब्धी ३७.९५ र मौनाबुधुक प्रा.वि. लोफादेनका १५ जना विद्यार्थीहरूको शैक्षिक उपलब्धी ३६.४५ रहेको छ। जसको औषत शैक्षिक उपलब्धी ३६.२० देखिन्छ। यस तथ्याङ्कलाई विष्लेषण गर्दा सामुदायिक प्रा.वि.को भन्दा संस्थागत प्रा.वि.को शैक्षिक उपलब्धी निकै उच्च रहेको देखिन्छ।

### ४.३.२ शैक्षिक सत्र २०६८ को शैक्षिक उपलब्धी

शैक्षिक सत्र २०६८ सालको सामाजिक विषयको छनौटमा परेका संस्थागत र सामुदायिक विद्यालयको सामाजिक विषयको शैक्षिक उपलब्धी निम्नानुसार छ :

तालिका नं ३ शैक्षिक सत्र २०६८ को शैक्षिक उपलब्धी

| क.सं | संस्थागत विद्यालय | | सामुदायिक विद्यालय | |
|---|---|---|---|---|
| | विद्यालयको नाम | शैक्षिक उपलब्धी | विद्यालयको नाम | शैक्षिक उपलब्धी |
| १. | श्री मकालु एकेडेमी | ६४.८० | श्री बुधुक उ.मा.वि. | ४०.४७ |
| २. | श्री राजारानी वोर्डिङ स्कुल | ६७.२५ | श्री मौनाबुधुक प्रा.वि. | ३८.९१ |
| | जम्मा | १३२.०५ | जम्मा | ७९.३८ |
| | औषत | ६६.०३ | औषत | ३९.६९ |

स्रोत : विद्यालय अभिलेख अध्ययन

माथिको तालिकामा संस्थागत विद्यालयतर्फ मकालु एकेडेमी स्कुलको कक्षा ५ का ५ जना विद्यार्थीहरूको सामाजिक विषयको शैक्षिक उपलब्धी ६४.८० र राजारानी बोर्डिङ्ग स्कुलका कक्षा ५ का १३ जना विद्यार्थीहरूको सामाजिक विषयको शैक्षिक उपलब्धी ६७.२५ देखिएको छ। जसको कुल शैक्षिक उपलब्धी ६६.०३ देखिन्छ भने सामुदायिक विद्यालयतर्फ पनि श्री बुधुक उ.मा.वि. (प्रा.वि. विभाग) का ३८ जना कक्षा ५ का विद्यार्थीहरूले सामाजिक विषयमा प्राप्त शैक्षिक उपलब्धी ४०.४७ देखिएको छ। त्यसरी नै मौनाबुधुक प्रा.वि., लोफादिनका कक्षा ५ का

१६ जना विद्यार्थीहरूको सामाजिक विषयको शैक्षिक उपलब्धी ३८.९१ रहेको छ । जसको कुल शैक्षिक उपलब्धी ३९.६९ हुन आउँछ ।

### ४.३.३ शै.स.२०६७ र २०६८ सालको शैक्षिक उपलब्धीको तुलना

नमूना छनौटमा परेका सामुदायिक विद्यालयहरू बुधुक उ.मा.वि. (प्रा.वि.विभाग), मौनाबुधुक प्रा.वि. लोफादेन र संस्थागत विद्यालयहरू मकालु एकेडेमी स्कुल, राजारानी इ.वो स्कुलको शै.सत्र २०६७ र २०६८ सालको सामाजिक विषयको शैक्षिक उपलब्धीको अध्ययन गरी हेर्दा सामुदायिक विद्यालयहरूको भन्दा संस्थागत विद्यालयहरूको दुई सालकै शैक्षिक उपलब्धी बढी रहेको पाइएको छ । शैक्षिक वर्ष २०६७ सालको शैक्षिक उपलब्धी सामुदायिक विद्यालयको ३७.२० र २०६८ सालको ३९.६९ देखिएको छ भने संस्थागत विद्यालय तर्फ क्रमशः ७०.९४ र ६६.०३ देखिन आएको छ । यसरी हेर्दा सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयको शैक्षिक उपलब्धी २०६७ सालमा ३३.७४ % ले र २०६८ सालमा २६.३४% ले बढी रहेको छ । यसो हुनाको कारण सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात बढी, विद्यार्थीहरूको कक्षामा न्यून उपस्थिति, अभिभावकहरूमा चेतना स्तरको कमी, कक्षा क्रियाकलापमा कम सहभागिता, दिनहुँ गृहकार्यको परीक्षणमा असमर्थता  र संस्थागत विद्यालयहरूमा पाठ्यपुस्तकमा सिमीत विषयवस्तुहरूको समावेशीकरण, अभिभावकहरूको उच्च लगानीले गर्दा उनीहरू आफ्ना बालवालिकाहरूको शैक्षिक क्रियाकलाप प्रति बढी सचेत रहने, कक्षा क्रियाकलापमा पनि शिक्षक विद्यार्थीको बढी सघनता, विद्यालय सञ्चालकहरूको सघन अनुगमन आदि जस्ता कारणहरू देखिएका छन् ।

यस विषयमा छनौटमा परेका सामुदायिक विद्यालयतर्फका विषय शिक्षक वि.नि., श्रोतव्यक्ति र प्र.अ.हरूको प्रतिक्रिया यस्तो रहेको छ - सामुदायिक विद्यालयतर्फको सामाजिक पाठ्यपुस्तकमा पाठ्यक्रमले तोकेका सबै विषयवस्तुहरूका ज्ञान दिन धेरै संख्यामा पाठहरू समावेश गरिएकोले पाठ्यवस्तु सम्बन्धी जानकारी दिदै अधिकांश पाठ्यभारको समय समाप्त हुने भएकोले कक्षामा अभ्यास गराउन, विद्यार्थी संख्या बढी हुने भएकाले दिइएको गृहकार्य परिक्षण पनि असम्भव हुन्छ । विद्यार्थीहरू दिनहुँ कक्षामा उपस्थित नहुनाले पूवज्ञानमा कमी भई

अतिरिक्त पाठको शिक्षण गर्न कठिनाई पर्न जान्छ जसका कारण सामुदायिक विद्यालयमा शैक्षिक उपलब्धी तुलनात्मक रूपमा संस्थागत विद्यालय भन्दा कम भएको पाइन्छ । त्यसैगरी उनीहरूलाई संस्थागत विद्यालयको शैक्षिक उपलब्धी बढी हुनाको कारण बारे प्रश्न गर्दा प्राप्त प्रतिक्रिया यस्तो थियो - शिक्षक विद्यार्थी अनुपात कम भएको, अभिभावकहरू पनि बढी चेतनशील, गृहकार्य नियमित परीक्षण गर्न संभव, सरोकारवालाहरूको पनि नियमित अनुगमन, विषयवस्तुको गहनता पनि तुलनात्मक रूपमा विस्तृत, विद्यार्थी नियमितता बढी भएको कारणले पनि संस्थागत विद्यालयहरूको शैक्षिक उपलब्धी बढी हुने गरेको छ । त्यसैगरी संस्थागत तर्फका शिक्षक, तथा प्र.अ.लाई यही प्रश्न गर्दा उनीहरूको राय यस्तो रहेको पाइयो - शिक्षक तथा अभिभावकहरूको लापरवाही, विद्यालयमा विद्यार्थीहरू अनियमित हुनु, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिद्वारा विद्यालयको अनुगमन नियमित नहुनु, शैक्षिक वर्षको अन्त्यमा पनि कोर्स पूरा नहुनु, विद्यालयमा नियमित रूपमा कक्षाकार्य नगराउनु, अतिरिक्त क्रियाकलापमा ध्यान नदिइनु, विद्यार्थीहरूमा पूर्वज्ञानको कमी आदी कारणहरूले सामुदायिक विद्यालयमा कम शैक्षिक उपलब्धी हुन्छ भने संस्थागत विद्यालयहरूमा कडा विद्यालय प्रशासन, प्रिन्सिपल, व्यवस्थापन समिति तथा अभिभावकहरूको नियमित अनुगमन, विद्यार्थीहरूको पूर्वज्ञानमा पर्याप्तता, नियमित कक्षा कार्य र गृहकार्य परीक्षण, आफ्ना बालवालिकाहरूको शैक्षिक क्रियाकलाप प्रति सचेत अभिभावक, विद्यार्थीहरूको लगनशीलता आदीका कारणले संस्थागत विद्यालयहरूमा सामाजिक विषयको शैक्षिक उपलब्धी उच्च रहको धारण उनीहरूको थियो । समग्रमा छनौटमा परेका चारवटै विद्यालयहरूको शै.व. २०६७ र २०६८ को शैक्षिक उपलब्धीको अध्ययन गरी हेर्दा सामुदायिक विद्यालयतर्फ भन्दा संस्थागत विद्यालयहरूको शैक्षिक उपलब्धी तुलनात्मक रूपमा बढी रहेको पाइएको छ ।

बालबालिकाहरूको क्षमता अभिवृद्धिको लागि उनिहरूको वर्तमान क्षमतालाई बुझ्रेर नयाँ कार्य सिक्नमा ठूला र विज्ञ व्यक्तिहरूले पठनपाठनमा सहयोग पुऱ्याउनु पर्छ । वस्तुको संयुक्त अवलोकनद्वारा गाह्रो खालका खेलहरू, भाषा र समस्या पूर्तिहुने सीपहरू बच्चालाई गरेर सिक्ने प्रविधिद्वारा सिकाउन सकिन्छ । बालकका सामु समस्या राखिदिएर, प्रयोगात्मक विधिद्वारा शिक्षक एक मार्गदर्शकको रूपमा, सहयोगीको रूपमा मात्र रहेर समस्या समाधान सीपको विकास

गराउन सकिन्छ। यसरी आफ्नै अनुभव तथा प्रयोगात्मक विधिद्वारा सिकेको ज्ञान चिरस्थायी र बढी व्यवहारीक हुने धारणा सहकारी सिकाइ सिद्धान्तले व्यक्त गरेको छ । यो सिद्धान्तमा जान्ने व्यक्तिले सहयोगीको रूपमा काम गरी बालकको क्षमता वा निकटवर्ती क्षेत्रको विकास गराउनु पर्ने उल्लेख गरिएको छ। सिकाइका सामग्री र संकेतहरूलाई विद्यालयले, शिक्षकले बोल्ने भाषामा जोडदिएर विशेष ध्यान दिदै नयाँ सामाजिक परिवेशको संयुक्तताबाट नयाँ ज्ञान निर्माण गराउनु पर्ने कुरा उल्लेख गरिएको छ र सामाजिक विषयले पनि विविध अभ्यास तथा क्रियाकलाप चित्र तथा नक्साहरूको सिकाइद्वारा बालकमा समस्या सामाधान सीपको विकास गराउन खोजेको छ। यसमा उल्लेख अभ्यास तथा क्रियाकलापहरूमा शिक्षकले सहयोगीको रूपमा बालकहरूलाई मार्गदर्शन गराएर उनीहरूलाईनै क्रियाकलापमा सरिक गराइ बालकको क्षमता अभिवृद्धिमा सहयोग पुग्ने ठानिएको छ।

### ४.४ सामाजिक विषयलाई थप प्रभावकारी बनाउने उपायहरू

यस उद्देश्य शीर्षकलाई अध्ययन गर्ने क्रममा अनुसन्धानकर्ताद्वारा सामुदायिक तथा संस्थागत दुवै विद्यालयमा पढाई हुने गरको सामाजिक विषयको तुलनात्मक रूपमा अध्ययन गरिएको छ। छनौट गरिएका प्र.अ., शिक्षक, वि.नि., स्रोत व्यक्ति र विद्यार्थीहरूलाई पनि तथ्याङ्क सङ्कलनका विविध साधनहरूको प्रयोग गरी सूचना तथा जानकारी लिइएको छ र नमूना छनौटमा परेका २६ जना व्यक्तिहरूबाट प्राप्त प्रतिक्रियालाई निम्नअनुसारको तालिकामा देखाई विष्लेषण गरिएको छ।

तालिका नं.४ सामाजिक विषयलाई थप प्रभावकारी बनाउने उपायहरू

| क.सं. | प्रभावकारी बनाउने उपायहरू | उत्तरदाताको सङख्या | प्रतिशत | |
|---|---|---|---|---|
| १ | समसामयिक र समय सापेक्ष विषयवस्तु समावेश हुनुपर्ने । | ५ जना | १९.२४ | |
| २ | विषयवस्तुको व्याख्याको सीमाङ्कन हुनुपर्ने | ८ जना | ३०.७६ | |
| ३ | चित्र, नक्शा आदि रंगीन हुनुपर्ने | ८ जना | ३०.७६ | |
| ४ | अझ प्रयोगात्मक बनाइनुपर्ने | २ जना | ७.७० | |
| ५ | पाठ्यक्रम अनुरूप नै पाठ्यपुस्तक निर्माण हुनुपर्ने | ३ जना | ११.५४ | |
| | जम्मा | २६ जना | १००% | |

स्रोत : स्थलगत सर्वेक्षण २०६९

प्रस्तुत तालिकाको विष्लेषण गर्दा छनौटमा परेका २६ जना व्यक्तिहरू मध्ये ५ जनाले सामाजिक विषयलाई थप प्रभावकारी बनाउनका लागि समसामयिक र समय सापेक्ष विषयवस्तुमा जोड दिएर पाठ्यपुस्तकलाई परिमार्जन गरेमा अझ प्रभावकारी पाठ्यपुस्तक बन्न सक्ने राय प्रस्तुत गरे जुन १९.२४% हुन आउँछ त्यसै गरी पाठ्यपुस्तका प्रस्तुत गरिएको विषयवस्तुकहरूमाथि कति बढ्ने, बढाउने भन्ने स्पष्ट नभएकोले अर्थात उहि शीर्षक माथि पनि सामुदायिक तर्फको सामाजिक विषयमा थोरै विषयवस्तु प्रस्तुत गरिएको छ भने संस्थागत तर्फको सामाजिक विषयमा केहि व्यापक रूपमा विषयवस्तुको व्याख्या र पाठ शीर्षक पनि समावेश गरिएको पाइएकोले त्यस्को कति बढाउने वा कति ज्ञान दिने भन्ने वारेमा स्पष्ट सीमाङ्कन हुनुपर्छ भनि धारणा राख्नेको संख्या ८ छ जुन ३०.७६% हुन्छ् त्यसैगरी पाठ्यवस्तुलाई अझै स्पष्टसँग बुझ्न, बुझाउनका लागि प्रस्तुत गरिएको शीर्षकसँग सम्बन्धित चित्र, नक्शा र तस्वीरहरू केहि शीर्षकमा नबुझिने, बाझिने भएकोले स्पष्ट रूपमा रंगिन खालको बनाइएमा विद्यार्थीहरूले हेर्ने वित्तिकै प्रष्ट रूपमा ज्ञान हाशिल गर्न सक्ने भएकोले आवश्यकता अनुसार पूर्व मूल्याङ्कन गरी रंगीन रूपमा प्रस्तुत हुनुपर्नेमा ३०.७६% ले धारणा व्यक्त गरे

त्यसरी नै सामाजिक विषयमा अझै धेरै क्रियाकलापहरू समेटिएर व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले विषयवस्तुहरूलाई प्रयोगात्मक बनाउनु पर्दछ र २५% अङ्क प्रयोगात्मक

क्रियाकलापका लागि छुट्ट्याउनुपर्छ। त्यस्ता खालका विषयवस्तुले मात्र विद्यार्थीको व्यवहारमा परिवर्तन गर्न सक्ने धारणा ७.७०% ले व्यक्त गरेका छन्। सामुदायिक विद्यालयमा पढाई हुने सामाजिक विषयको पाठ्यपुस्तक पाठ्यक्रम बमोजिम नै निर्मित रहेको तर संस्थागत तर्फको सामाजिक पाठ्यपुस्तक पाठ्यक्रम बमोजिम नभएकोले वा बढी विषयवस्तु समेटी पाठ्यवस्तु गहन खालको भएकोले गर्दा पाठ्यक्रम बमोजिम नै पाठ्यपुस्तक निर्माण गरिएमा प्रभावकारी हुने धारणा ११.५४% ले राखेका छन्।

# परिच्छेद पाँचः प्राप्तिहरू, निष्कर्ष र सुझावहरू

अध्ययन शीर्षक अनुसार सामुदायिक तथा संस्थागत प्रा.वि.मा अध्यापनरत सामाजिक विषयको पाठ्यवस्तुको तुलना गर्ने, सामाजिक विषय भित्र रहेका विषयवस्तुको लेखाजोखा गर्ने, सामाजिक विषयको शैक्षिक उपलब्धीको लेखाजोखा गर्ने साथै यो विषयलाई थप प्रभावकारी बनाउने उपाहरूको खोजी गर्न उद्देश्यहरूको प्राप्तिका लागि नमूना छनौटमा परेका विषय शिक्षकहरूका लागि प्रश्नावली वि.नि. स्रोतव्यक्ति र प्र.अ.का लागि अन्तरवार्ता, विद्यार्थीहरूका लागि लक्षित समूह छलफल कार्यक्रम तथा अध्ययनकर्ताद्वारा गरिएको दस्तावेज विश्लेषण अध्ययन साधनका आधारमा प्राप्त भएका तथ्याङ्क, सूचना, धारणा तथा जानकारीहरूको प्रशोधन, सम्पादन, व्याख्या र विश्लेषण गरी यस परिच्छेदमा अध्ययनको प्राप्ति, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

## ५.१ अध्ययनको प्राप्तिहरू

प्रस्तुत शोध अध्ययन "सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन" का प्राप्तिहरु निम्न अनुसार छन् :-

- सामुदायिक विद्यालयतर्फको सामाजिक पाठ्यपुस्तक पाठ्यक्रम अनुरुप नै निर्माण भएको तर पाठ्यवस्तुहरुले सतही रुपमा मात्र जानकारी दिन सक्षम भएको ।
- संस्थागत विद्यालयतर्फको सामाजिक पाठ्यपुस्तकमा पाठ्यक्रममा उल्लेख भएभन्दा विषयवस्तु अलि बढी भएका र विषयवस्तुको गहनता पनि तुलनात्मक रुपमा बिस्तृत भएको ।
- विद्यालयको स्रोत साधनको कमीका सामाजिक विषयको क्रियाकलाप गर्न छुट्टै समय नछुट्टयाईएकोले क्रियाकलाप गराउन कठिनाई भएको शिक्षकहरुको प्रतिक्रिया ।
- संस्थागत विद्यालयका शिक्षकहरु तालिम अप्राप्त रहेका तर पनि बढी लगनशील भई अध्यापन गराउनाले गर्दा नतिजा चाहि सामुदायिक विद्यालयको भन्दा उच्च निकाल्न सफल भएको ।

- विद्यार्थीहरुले सामाजिक शिक्षाबाट प्राप्त गरेको व्यावहारिक ज्ञानलाई प्रयोग गर्न सकेका छन् या छैनन् मूल्याङ्कन नभएको ।
- केही सामाजिक विषय शिक्षकहरुलाई पाठ्यपुस्तकमा उल्लेखित विषयवस्तु तथा क्रियाकलाप प्रति ज्ञान नभएको पाइएको ।
- संस्थागत विद्यालयहरुका शिक्षकहरुलाई सामाजिक शिक्षा विषयको पाठ्यक्रम र शिक्षक निर्देशिकाको वारेमा थाहा नभएको ।
- सिद्धान्त र व्यवहारमा समता नभएको ।
- पाठ्यपुस्तमा उल्लेख गरिएका तथ्याङ्कहरु, चित्रहरु एक आपसमा बाझिएका जस्ता र बुझ्न अलि कठिन खालको भएको प्रतिक्रिया ।
- व्यक्तिमा व्यवहारिक परिवर्तनको अपेक्षा गरेर राखिएका क्रियाकलापहरु भए पनि निश्चित सममा पाठ सक्नु पर्ने, परीक्षामुखी शिक्षण गर्नुपने वाध्यताले एवं अस्वस्थ्य प्रतिस्पर्धाका कारणले पुस्तकमा उल्लेख गरिएका सबै व्यवहारिक क्रियाकलाप गराउन नसकिएको ।
- विद्यार्थीलाई सामाजिक, साँस्कृतिक, भौगोलिक र ऐतिहासिक क्षेत्र सम्बन्धी कुन हद सम्म ज्ञान दिने कुरामा अन्योलता ।
- सन्दर्भ सामग्री निर्माण र सङ्कलनमा के, कति, कुन खोज गर्ने, त्यसको सीमाङ्कनमा समस्या देखिएको ।
- ७५% शिक्षकहरुले स्थलगत भ्रमण गरी क्रियाकलाप गर्न समय र आर्थिक हिसावले कठिन भएको वताए ।
- ५०% विद्यार्थीहरुले पाठ्यपुस्तकमा रहेका चित्र, नक्साहरु राम्रोसँग बुझ्न नसक्ने वताए ।
- अध्ययनमा सहभागी सतप्रतिशत सामुदायिक विद्यालयका शिक्षकहरु तालिम पाएका र संस्थागत विद्यालयका सतप्रतिशत नै शिक्षक तालिम अप्राप्त भएको ।
- सामाजिक विषय एक व्यवहारिक, प्रयोगात्मक र क्रियाकलापमा आधारित भए पनि यसका लागि मूल्याङ्कनमा अङ्क समावेश नगरिएको ।
- क्रियाकलापका लागि निर्मित प्रश्नहरु कतिपय पाठ्यपुस्तकसँग असम्वन्धित रहेका र कतिपय क्रियाकालपहरु द्धिविधायुक्त भएको ।

- सामाजिक अध्ययन विषयको पाठ्यपुस्तकहरु अरु विषयका पाठ्यपुस्तक भन्दा तुलनात्मक रुपमा बढी परिवर्तनशील भएको स्थिति देखियो ।
- छनौट गरिएका विद्यालयहरु मध्ये सामुदायिक विद्यालयको २०६८ सालको सामाजिक विषयको शैक्षिक उपलब्धी ३९.६९ भएको र संस्थागत प्रा.वि.को ६६.०३ देखिन आएको ।
- सामाजिक विषयको कार्यान्वयनमा तालिम अप्राप्त शिक्षक, शैक्षिक सामग्रीको निर्माण र प्रदर्शनमा पनि, क्रियाकलापको निमित्त समयको अभाव, विद्यार्थी अनियमितता, रुचीमा कमी, सीपमुलक कार्य गराउनमा कठिनाई, पाठ्यपुस्तकमा विषयवस्तुको अपर्याप्तता जस्ता समस्या देखा परेको प्रतिक्रिया प्राप्त भयो ।

## ५.२ अध्ययनको निष्कर्ष

आजको युग वैज्ञानिक युग हो । वर्तमान समयमा हरेक क्षेत्रमा भइरहेको परिवर्तनले प्रत्येक व्यक्ति र समाजलाई प्रभावित गरिरहेको स्थिति छ । जे जति परिवर्तन र विकास भइरहेको छ यसको प्रमूख कारण शिक्षाले दिएको देन नै हो भन्न सकिन्छ त्यसकारण शिक्षा क्षेत्रमा पाठ्यक्रमको निर्माण गर्दा शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य र कक्षागत उद्देश्य लगायतका आधारमा राखिन्छ । प्रस्तुत अध्ययन सामाजिक विषयको पाठ्यपुस्तकको मूल्याङ्कन विश्लेषणका क्रममा अध्ययनसँग सम्वद्ध सबै पक्षबाट प्राप्त विचार, भावना र अवधारणाहरुलाई केलाउदा प्राप्त भएका निष्कर्षहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

- यस विषयका केहि उद्देश्यहरु व्यवहारिक रुपमा विशिष्ट हुन नसकेको देखिन्छ ।
- केहि एकाईहरुमा सामाजिक विषयवस्तुहरुको व्यापकता र पाठ्यभार वीच उचित सन्तुलन नभएको समयमा विषयवस्तुको शिक्षण र क्रियाकलाप सम्भव नभएको पाइएको छ ।
- पाठ्यपुस्तक भित्रका पाठ्यवस्तुहरुको विश्लेषण र व्याख्या समान रुपले नगरिएको देखिएको छ ।

- वर्तमान विविधता पूर्ण समाजमा मनोवैज्ञानिक र विषयवस्तुको क्षेत्र विस्तारका कारणले पाठ्यवस्तुहरु पूर्णतया पर्याप्त हुन नसकेको देखिन्छ ।
- कुनै कुनै अभ्यास, क्रियाकलाप बुझ्न कठिन विषयवस्तु अनुरुप हुन नसकेको देखिन्छ ।
- पाठ्यवस्तुले विद्यार्थीहरुलाई व्यवहारिक रुपमा सक्षम र मौलिक रुपमा सृजनशील बनाउन खोजेको देखिन्छ ।
- प्राथमिक तहबाट नै सामाजिक विषय अध्यापन गराउनु सान्दर्भिक र आजको युगको आवश्यकता अनुरुप देखिएको छ ।
- पाठ्यक्रम अनुरुप विषयवस्तुको पर्याप्तता समग्र पक्षको आधारमा हेर्दा कमै रहेको पाइन्छ ।
- समग्रमा पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तक तयार गर्दा सम्बन्धित निकायले विद्यार्थीको रुची, स्तर, क्षमता र पूर्वज्ञानलाई कमै मात्रामा समेटेको पाइन्छ ।
- यस विषयले बालवालिकालाई सामाजिक र भौतिक वातावरण प्रति रुची जगाउन विषयवस्तुको ज्ञान, सीप र अभिवृत्तिको विकास गराई रोजगारोन्मोख र सक्रिय असल नागरिकको जग बसाउने मूख्य लक्ष्य लिएको पाइएको छ ।
- संस्थागत प्रा.वि. तर्फको सामाजिक विषयको पाठ १७, १८ र तुलनात्मक रुपमा अन्य पाठ भन्दा कठिन पाठ भएको जानकारी विद्यार्थीबाट लिइएको छ ।
- संस्थागत तर्फको पाठ्यपुस्तक पाठ्यक्रम अनुरुप केहि तालमेल नमिलेको देखिएको छ ।
- पाठ्यक्रम विदहरुले यस विषयको विषयवस्तु छनौट र संगठन गर्न गरेको प्रयास प्रशंसनिय रहेको छ ।
- प्रयोगात्मक पक्षलाई ध्यानमा राखेर विद्यार्थीको सीप विकास गर्ने लक्ष्य यस भित्रका विषयवस्तुहरुले लिएको पाइएको छ ।
- सामाजिक अध्ययन विषय सामाजिक ज्ञानबाट विषयवस्तु ग्रहण गरी तयार गरिने एकीकृत र समन्वयात्मक रुपमा रहेको छ ।
- प्राय धेरै जसो विशिष्ट उद्देश्यहरु निक्कै लामा र मापनमा कठिनाई देखिन्छ ।

- सामुदायिक विद्यालयतर्फ पाठ्यपुस्तक वाहेक अन्य सन्दर्भ सामग्री र शैक्षिक सामग्री प्रदर्शनको कमी रहको पाइएको छ ।
- समय अभावका कारण पाठ्यपुस्तक भित्रका सम्पूर्ण क्रियाकलापका लागि कठिनाई भएको पाइएको छ ।
- संस्थागत विद्यालयका शिक्षकहरु तालिम नपाएका साथै पाठ्यक्रम र शिक्षक निर्देशिका वारे जानकारी नभएको पाइएको छ ।
- सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धीको मध्यक निकाल्दा ३९.६९ र ६६.०३ देखिन आएको छ  भने संस्थागत विद्यालयको सामुदायिक विद्यालय भन्दा २६.३४ ले बढी देखिएको छ ।

## ५.३ अध्ययनका सुझावहरू

यस अध्ययनको शीर्षक अनुरुप निश्चित गरिएका उद्देश्यहरुलाई पूरा गर्न उत्तरदाताहरुबाट प्राप्त भएका सूचना, प्रतिक्रिया र भावनाहरुको विश्लेषण र अनुसन्धानकर्ताको अध्ययन र विश्लेषणका आधारमा सुझावहरु निम्नअनुसार प्रस्तुत गरिएका छन् ।

- व्यवहारिक रुपमा विशिष्ट हुन नसकेको उद्देश्यहरुलाई विशिष्ट वनाउनु पर्ने आवश्कता देखिन्छ ।
- पाठ्यपुस्तकमा दिएका पाठ्यवस्तुहरुको उचित रुपले व्याख्या र विश्लेषण गरिनुपर्ने आवश्कता देखिन्छ ।
- पाठ्यवस्तु र पाठ्यभार वीचमा उपयुक्त तालमेल मिलाउनुपर्ने देखिन्छ ।
- सामाजिक अध्ययन विषय अन्तरगतका सबै विषयवस्तुहरुलाई तिनीहरुको महत्व र समय सापेक्षताका आधारमा उचित एकाई भार दिएर अनुपातिक रुपमा सन्तुलन मिलाउन अति आवश्यक छ ।
- यस विषयको शिक्षण गर्ने शिक्षकहरु अन्य विषयको तुलनामा प्रायः बढी सृजनशील र खोज अनुसन्धानमा लागि रहनु पर्ने आवश्कता बोध गरिन्छ ।

- यस विषयको प्रभावकारी शिक्षण गरी उद्देश्य प्राप्त गर्न विद्यालयले पनि पर्याप्त शैक्षिक सामग्री र समय उपलब्ध गराउनु पर्ने देखिन्छ ।
- बेलावेलमा सम्बद्ध सवै सरोकारवालाहरुको भेला गराई सल्लाह र सुझावलाई उचित रुपले समायोजन गरिनुपर्ने आवश्यक छ ।
- प्रत्येक पाठको अन्त्यमा महत्वपूर्ण विषयवस्तुको सारांश बुँदागत रुपमा राखिनु जरुरी छ ।
- पाठ्यपुस्तकमा प्रस्तुत अभ्यास र क्रियाकलाप विद्यार्थीको शैक्षिक स्तर क्षमता र विषयवस्तु अनुसार नै राखिनुपर्दछ ।
- यस विषयका विषयवस्तुको वारेमा विद्यार्थीको धारणा विकास गर्न र व्यवहारिक ज्ञान दिनका लागि स्थानीय ठाउँहरु बाहेकका भौगोलिक, साँस्कृतिक र ऐतिहासिक महत्वका स्थानमा भ्रमण गराउन विद्यालयले व्यवस्था गराउनु पर्दछ ।
- केहि निर्धारित विशिष्ट उद्देश्यहरु सैद्धान्तिक रुपमा विशिष्ट देखिए पनि व्यवहारिक रुपमा मापनमा कठिन रहेको हुनाले उक्त उद्देश्यको विशिष्टता निर्धारण गर्न पर्याप्त ध्यान दिनुपर्ने देखिन्छ ।
- यस विषयमा भएका विषयवस्तु वा शीर्षक सम्बन्धमा के कति पढाउने भनि स्पष्ट सिमाङ्कन गरिनुपर्दछ ।
- समाजउपयोगी क्रियाकलापहरुमा विद्यार्थीहरुको सहभागिता बढाउने कार्यमा विद्यालय प्रशासन एवं शिक्षकहरुवाट पहल गर्नुपर्ने देखिन्छ ।
- पाठ्यपुस्तकमा उल्लेखित तथ्याङ्क, तस्वीरका वारेमा पुनःमूल्याङ्कन र परिमार्जन गरी आकर्षक ढंगले प्रस्तुत गर्दा राम्रो हुने देखिन्छ ।
- सामाजिक शिक्षाले समग्रमा अन्वेषणात्मक प्रवृत्तिको विकास गर्ने उद्देश्य राखेको कारण विषय विशेषज्ञहरुद्वारा समय समयमा विद्यालय विदा गरेको दिन पारी शिक्षकहरुलाई तालिम पुनर्ताजगी कार्यक्रम, छलफल जस्ता कार्यक्रममा सहभागी गराउनु पर्ने महशुस गरिन्छ ।
- व्यवहारमा भएका र लागु हुने खालका घटनाहरुलाई समस्याहरुलाई उदाहरणको रुपमा प्रस्तुत गरेर सान्दर्भिक र सम सामयिक बनाउनुपर्ने देखिन्छ ।

- सामाजिक विषयलाई यथासम्भव जीवनमुखी बनाउन सम्वन्धी निकायद्वारा यथेष्ट अध्ययन गरी योजना मुताविक चल्नु पर्ने आवश्कता देखिन्छ ।
- क्रियाकलापको प्रश्नहरु विद्यार्थीको स्तर र रुचीलाई ध्यानमा राखेर निर्माण गर्नु पर्ने र विद्यार्थीलाई बोझ महशुस नहुने खालको हुनु पर्दछ ।
- तालिम प्राप्त शिक्षकहरुको व्यवस्था र सम्बन्धित विषय कै शिक्षकद्वारा अध्यापन गर्दा उपयुक्त देखिन्छ ।
- सजिलै शैक्षिक सामग्री उपलब्ध हुने खालको विषयवस्तुको प्रयाग गर्नुको साथै विद्यार्थीको पहुँच योग्य पाठहरुको योजना गर्नु पर्ने देखिन्छ ।
- मूल्याङ्कन प्रक्रियामा निर्माणात्मक मूल्याङ्कनलाई विशेष जोड दिने व्यवस्था गर्नुपर्दछ ।

# सन्दर्भ सामग्री

Agrawal, J.C. (1997), Teaching social studies, Delhi: Vikash Publishing House, Pvt. ltd

Timothy, Chandra & Uprety, Narayan Prasad (2009), Our Social Studies, Kathmandu: Ekta Books.

अधिकारी, बुद्धिकला (२०६२), एस.एल.सी.परीक्षाको काठमाण्डौ जिल्लाको सामुदायिक तथा संस्थागत विद्यालयको सामाजिक विषयको उपलब्धी, एम.एड. अप्रकाशित शोधपत्र, किर्तिपुर : त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग ।

खनाल, श्री प्रसाद र तिमिल्सेना, विनोदखण्ड (२०६२) शैक्षिक अनुसन्धान पद्धति, काठमाण्डौं : सनलाईट पब्लिकेशन ।

ढकाल, शारदा (२०६२) सामाजिक शिक्षाको पाठ्यक्रम कार्यन्वयनको अवस्था, एम.एड. अप्रकाशित शोधपत्र, किर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

प्रा.वि.के. (२०५९) सामाजिक अध्ययन, भक्तपूर : पाठ्यक्रम विकास केन्द्र ।

प्रा.वि.के. (२०६५) भक्तपूर : पाठ्यक्रम विकास केन्द्र ।

प्राथमिक शिक्षक तालिम, दोस्रो चरण,सामाजिक,(२०६२) भक्तपूर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

बिष्ट, गोरख बहादुर (२०६५), मा.वि.तहको सामाजिक अध्ययन विषयको वर्तमान पाठ्यक्रम र पाठ्यपुस्तक वीच अन्तरसम्बन्ध विष्लेषण, एम.एड. अप्रकाशित शोधपत्र, किर्तिपुर : त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय ।

माध्यमिक तहका अनिवार्य विषयका पाठ्यपुस्तकहरुको प्राविधिक मूल्याङ्कन (२०५९) भक्तपूर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

मेरो सामाजिक अध्ययन तथा सृजनात्मक कला कक्षा ५, (२०६६) भक्तपूर : पाठ्यक्रम विकास केन्द्र ।

रेग्मी, मुरारीप्रसाद र साथीहरु ( २०६३) कक्षाकोठामा मनोविज्ञान, किर्तिपूर : न्यू हिरा वुक्स इन्टरप्राइजेज ।

लुइटेल, चक्रपाणी (२०६४), सामाजिक अध्ययन शिक्षण, काठमाण्डौ : निमा पुस्तक प्रकाशन ।

शर्मा, गोपीनाथ (२०६०) नेपालको शैक्षिक इतिहास, काठमाण्डौंः मकालु बुक्स एण्ड स्टेशनर्स ।

शर्मा, चिरञ्जीवी, शर्मा, निर्मला, (२०६४), पाठ्यक्रम योजना र अभ्यास, काठमाण्डौं : एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

शर्मा, चिरञ्जीवी, शर्मा, निर्मला, (२०६४), शिक्षाका आधारहरु, काठमाण्डौं : एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

# सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन

अनुसूची १. विषय शिक्षकका लागि प्रश्नावली :

सामुदायिक तथा संस्थागत प्राथमिक तहको सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन उद्देश्यका साथ अध्ययन गर्न लागिएको यो शोधपत्रसँग सम्बन्धित प्रश्नावलीमा आफ्नो अमूल्य विचार दिई सहयोग गरिदिन हुन सादर अनुरोध गर्दछु । प्रश्नावलीमा समावेश प्रश्नहरुको उत्तर छोटो स्पष्ट तथा वास्तविकताका आधारमा दिन हुनका साथै आफुलाई उपयुक्त लाग्ने भनाईको अगाडिको खालि कोठामा रेजा ( ) चिन्ह लगाउन समेत अनुरोध छ ।

विषय शिक्षकको नाम : ................................................... मिति : .............

विद्यालय : ................................................ ठेगाना : ..........

शिक्षण अनुभव वर्ष : ......................

शैक्षिक योग्यता : ................

१. तपाईको विद्यालयमा सामाजिक शिक्षा विषयको पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्ध छ कि छैन ?

छ ☐ छैन ☐

२. यहाँले कक्षा ५ को सामुदायिक /संस्थागत विद्यालयको सामाजिक पाठ्यपुस्तक अध्ययन गर्नुभएको छ ?

क. सामुदायिक विद्यालयको मात्र अध्ययन गरको छु ☐

ख. संस्थागत विद्यालयको मात्र अध्ययन गरेको छु ☐

ग. दुवै अध्ययन गरको छु ☐

३. दुवैमा के फरक पाउनुभयो ?

.............................................................................................................

४. कुन स्तरीय छ जस्तो लाग्छ ?

.......................................................................................................

५. सामाजिक अध्ययन पुस्तकमा समावेश विषयवस्तुहरु पाठ्यक्रम अनरुप निर्मित छन् कि छैनन् ?

छन् ☐ छैनन् ☐ आंशिक छन् ☐

६. विषयवस्तुको प्रस्तुतिकरण शैली उपयुक्त छ ?

छ ☐ छैन ☐ आंशिक छ ☐

७. विषयवस्तुको संगठन उपयुक्त रुपमा भएको छ ?

छ ☐ छैन ☐ आंशिक छ ☐

८. पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु कतिको व्यवहारिक छन् ?

..........................................................................................................

९. पाठ्यपुस्तक भित्रका विषयवस्तुलाई प्रष्ट्याउनका लागि प्रयोग भएका चित्र, नक्शा तथा उदाहरण कस्ता खालका छन् ?

..........................................................................................................

१०. पाठ्यपुस्तकमा दिएका सबै क्रियाकलापहरु गराउन सक्नु भएको छ ? छैन भने कारण उल्लेख गर्नुहोस ।

. ..................................................................................................

११ दुवै प्रकारका पाठ्यपुस्तकमा उल्लेख गरिएका विषयवस्तुको विष्लेषण समान रुपले भएको छ ?

..........................................................................................................

१२. विद्यालयले निर्धारण गरेको समयभित्र सबै पाठ्यवस्तुहरुको अध्यापन कार्य समाप्त हुन्छ ?

..........................................................................................................

१३. तपाइको विद्यालयको विद्यालयको सामाजिक विषयको शै.व.२०६७ र २०६८ को औषत शैक्षिक उपलब्धी कति छ ?

१४. सामुदायिक / संस्थागत विद्यालयको शैक्षिक उपलब्धी उच्च हुनाको कारण के होला ?

..........................................................................................................

१५. सामाजिक अध्ययन विषयलाई थप प्रभावकारी बनाउन के के गर्नुपर्ला ?

..........................................................................................................

प्रश्नावली भरी सहयोग गर्नु भएकोमा धन्यवाद ।

# सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन

अनुसूची २. प्र.अ.का लागि प्रश्नावली

सामुदायिक तथा संस्थागत प्राथमिक तहको सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन उद्देश्यका साथ अध्ययन गर्न लागिएको यो शोधपत्रसँग सम्बन्धित प्रश्नावलीमा आफ्नो अमूल्य विचार दिई सहयोग गरिदिन हुन सादर अनुरोध गर्दछु साथै आफुलाई उपयुक्त लाग्ने भनाईको अगाडिको खालि कोठामा रेजा ( ) चिन्ह लगाउन समेत अनुरोध छ।

१. तपाईले विद्यालयमा सामाजिक शिक्षा विषयको पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्ध गराउनु भएको छ ?

छ ☐ छैन ☐

२. तपाईले सामुदायिक र संस्थागत विद्यालयमा पढाई हुने कक्षा ५ को सामाजिक विषयको अध्ययन गर्नु भएको छ ? भएको छ ?

क. सामुदायिक विद्यालयको मात्र अध्ययन गरको छु ☐

ख. संस्थागत विद्यालयको मात्र अध्ययन गरेको छु ☐

ग. दुवै अध्ययन गरको छु ☐

३. सामुदायिक / संस्थागत विद्यालयको सामाजिक विषयको पाठ्यपुस्तक पाठ्यक्रम अनुरुप निर्माण भएको पाउनु भएको छ ?

..........................................................................................................

..........................................................................................................

४. तपाइको विद्यालयमा सामुदायिक / संस्थागत विद्यालयमा सामाजिक विषय शिक्षक तालिम प्राप्त हुनुहुन्छ ?

..........................................................................................................

.......................................................................................................

५. सामुदायिक / संस्थागत विद्यालयको सामाजिक विषयको पाठ्यपुस्तक कुन स्तरीय छ ?

.......................................................................................................

.......................................................................................................

६. विषयवस्तुको प्रस्तुति, संगठन कस्तो छ ?

.......................................................................................................

.......................................................................................................

७. उदाहरण, क्रियाकलाप कस्ता खालका छन् ?

.......................................................................................................

.......................................................................................................

८. यस विषयलाई अझ प्रभावकारी वनाउन के गर्नु पर्ला ?

.......................................................................................................

.......................................................................................................

## सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन

अनुसूची ३. वि.नि.का लागि अन्तर्वार्ता सूची

सामुदायिक तथा संस्थागत प्राथमिक तहको सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन उद्देश्यका साथ अध्ययन गर्न लागिएको यो शोधपत्रसँग सम्बन्धित प्रश्नमा आफ्नो अमूल्य विचार दिई सहयोग गरिदिन हुन सादर अनुरोध गर्दछु ।

१. तपाईको निरीक्षण क्षेत्रमा कति वटा विद्यालय छन् ?

.............................................................................................................

...................................................................................................

.............................................................................................................

...................................................................................................

२. तपाईले सामुदायिक प्रा.वि. र संस्थागत प्रा.वि.मा पढाई हुने कक्षा ५ को सामाजिक विषय अध्ययन गर्नुभएको छ ?

.............................................................................................................

...................................................................................................

.............................................................................................................

...................................................................................................

३. सामाजिक विषय भित्र उल्लेखित विषयवस्तुको अवस्था कस्तो छ ?

.............................................................................................................

...................................................................................................

.............................................................................................................

...................................................................................................

४. दुवैमा कुन स्तरीय खालको छ जस्तो लाग्छ ?

.............................................................................................................

...................................................................................................

....................................................................................................

....................................................................................................

५. तपाईको निरीक्षण क्षेत्र भित्रका विद्यालयका सबै सामाजिक विषय शिक्षक तालिम प्राप्त छन् ?

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

६. तालिम दिदा कुन कुन शीर्षकमाथि जोड दिनुहुन्छ ?

....................................................................................................

....................................................................................................

....................................................................................................

..............................................

७. तालिम अवधिमा कुन कुन शीषकमाथि समस्या उत्पन्न हुने गर्छ ?

....................................................................................................

....................................................................................................

....................................................................................................

..............................................

८. संस्थागत विद्यालयको शैक्षिक उपलब्धी उच्च हुनाको कारण के हो ?

....................................................................................................

....................................................................................................

....................................................................................................

..............................................

९. सामाजिक विषयलाई थप प्रभावकारी बनाउनका लागि के गर्नुपर्छ ?

....................................................................................................

सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन

अनुसूची ४. श्रोतव्यक्तिका लागि अन्तर्वार्ता सूची

सामुदायिक तथा संस्थागत प्राथमिक तहको सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन उद्देश्यका साथ अध्ययन गर्न लागिएको यो शोधपत्रसँग सम्बन्धित प्रश्नमा आफ्नो अमूल्य विचार दिई सहयोग गरिदिन हुन सादर अनुरोध गर्दछु ।

१. तपाईको स्रोत केन्द्रमा कतिवटा विद्यालय पर्दछन् :

.......................................................................................................

...........................................................................................

२. तपाईले सामुदायिक प्रा.वि. र संस्थागत प्रा.वि.मा पढाई हुने कक्षा ५ को सामाजिक विषय अध्ययन गर्नुभएको छ ?

...................................................................

..................................

३. पाठ्यक्रम अनुरुप नै पाठ्यपुस्तक निर्माण भएको छ ?

.......................................................................................................

४. कुन स्तरीय खालको छ ?

.......................................................................................................

..............................................................................................................

..........

५. सामाजिक विषयका विषयवस्तुको स्थिति कस्तो छ ?

.......................................................................................................

..............................................................................................................

..........................................................................................

६. विषयवस्तुको क्षेत्र, क्रम र व्यवहारिकता कस्तो छ ?

.......................................................................................................

........................................................................................................................................

..................................................................................................................

७. पाठ्यपुस्तकमा दिइएका अभ्यास क्रियाकलापको स्थिति कस्तो छ ?

...............................................................................................................................

........................................................................................................................................

..................................................................................................................

...................................................

८. यहाँको स्रोतकेन्द्र भित्रका सबै विद्यालयका कक्षा ५ का सामाजिक विषयका शिक्षकहरु तालिम प्राप्त छन् ?

...............................................................................................................................

........................................................................................................................................

..................................................................................................................

...................................................

९. तालिममा सहभागी शिक्षकहरु पाठ्यपुस्तकमा दिइएका विषयवस्तुसँग परिचित छन् ?

...............................................................................................................................

........................................................................................................................................

..................................................................................................................

...................................................

१०. संस्थागत विद्यालयको शैक्षिक उपलब्धी बढी हुनाको कारण के हो ?

...............................................................................................................................

........................................................................................................................................

..................................................................................................................

...................................................

११. सामाजिक विषयको पाठ्यपुस्तकलाई स्तरीय बनाउन के गर्नु पर्ला ?

...............................................................................................................................

.....................................................................................................................

..................................................................................................

............................................

## सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन

अनुसूची ५. विद्यार्थीका लागि लक्षित समूह छलफलका वुँदाहरु

१. सामाजिक विषय अध्ययन प्रति विद्यार्थीको रुची

२. मनपर्ने पाठहरु

३. ती पाठ मन पर्नाका कारण

४. गाह्रो लाग्ने पाठहरु

५. गाह्रो लाग्नुका कारणहरु

६. पाठ्यवस्तुहरुको संगठन्

७. अभ्यास र क्रियाकलाप

८.चित्र, तस्वीर र नक्शा

९. विषयवस्तुको व्याख्या र प्रस्तुतिकरण

१०अध्ययनमा शैक्षिक सामग्रीको प्रदर्शन

११. सामाजिक शिक्षा पढेर प्राप्त हुने व्यवहारिक ज्ञान

१२. यसलाई प्रभावकारी बनाउने उपायहरु सम्बन्धी .

# सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन

अनुसूची ६. सामाजिक अध्ययन पाठ्यक्रममा क्षेत्र अनुसारको पाठ्यक्रमको विभाजन

| क.सं. | पाठ्यवस्तु | पाठ्यभार | अङ्कभार प्रतिशत |
|---|---|---|---|
| १. | आफु/आफ्नो परिवार र छरछिमेक | १६ | १० |
| २. | हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता | २० | १२.५ |
| ३. | सामाजिक समस्या र समाधान | १४ | ९ |
| ४. | नागरिक चेतना | २४ | १५ |
| ५. | हाम्रो पृथ्वी | २० | १२.५ |
| ६. | हाम्रो विगत | १८ | ११ |
| ७. | हाम्रो आर्थिक क्रियाकलाप | १६ | १० |
| ८. | स्थानीय विषयवस्तुको अंश | ३२ | २० |
|  | जम्मा | १६० | १०० |

# सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन

अनुसूची ७. विशिष्ट उदेश्य अनुसार पाठ्यवस्तुको क्षेत्र र क्रम तालिका (सामुदायिक)

| क्र.सं. | क्षेत्र | क्रम |
|---|---|---|
| १. | आफु/आफ्नो परिवार र छरछिमेक | - छिमेकीहरुको काम र पैसा<br>- सामुदायिक काममा सहयोग<br>- छिमेकीहरु प्रति गरिने व्यवहार<br>- समानुभूति |
| २. | हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता | - परम्परागत सामाजिक प्रचलनहरुको तुलनात्मक अध्ययन<br>- आफ्नो जिल्ला भित्रका भाषा, धर्म, भेषभुषा र रहन सहन<br>- मेलापर्वहरुमा सहभागिता<br>- आफ्नो क्षेत्र र राष्ट्र प्रति सद्भाव र सम्मान<br>- आफ्नो क्षेत्रको व्यक्तित्व<br>- अनुकरणीय काम |
| ३. | सामाजिक समस्या र समाधान | - मादक पदार्थ तथा लागु पदार्थ सेवनबाट टाढा रहन र त्यस्ता कुलतबाट बचावट<br>- समाजमा चोरी डकैती जस्ता घटनाप्रति सजगता<br>- वाह्य संस्कृतिको नकारात्मक प्रभावबाट बचावट<br>- सामाजिक समस्या र विकृति हटाउन सहयोग गर्ने सामाजिक संघसंस्थाहरु<br>- नीति नियमको आवश्यकता र तिनको पालना |

| | | |
|---|---|---|
| ४. | नागरिक चेतना | - मौलिक अधिकार/ मानव अधिकार<br>- कर्तव्य पालना र अधिकारको उपयोग<br>- राष्ट्रिय सम्पदा संरक्षण तथा सम्बर्द्धनका लागि संचालित मूख्य आयोजनाहरुको नाम र काम<br>- परम्परागत रुपमा चलिआएका राम्रा सामाजिक नियमहरुको पालना<br>- आफु बसेको जिल्लाको जि.वि.स.को परिचय, संरचना र कार्य<br>- स्थानीय समुदायका परिचित तथा अपरिचित महिला, पुरुष, जातजाति, धर्मावलम्बीमा समान व्यवहार<br>- द्वन्द्व र यसको मध्यस्तता |
| ५. | हाम्रो पृथ्वी | - हाम्रा देशका प्राकृतिक स्वरुप, हावापानी र सामाजिक रहन सहन<br>- नेपालको नक्शाको सामान्य रुपरेखा र भौगोलिक तथ्यहरुको संकेत<br>- ग्लोव र नक्शाको प्रयोग<br>- महाद्वीप र महासागरहरुको परिचय<br>- छिमेकी राष्ट्रहरु भुटान, बंगलादेश, श्रीलंका, पाकिस्तान, मालदिभ्स र अफगानिस्ताको संक्षिप्त परिचय |
| ६. | हाम्रो विगत | - आफ्ना समुदायमा रहेका ऐतिहासिक व्यक्तित्व र वस्तुहरुको खोज र उचित संरक्षण<br>- नेपालको प्राचीनकाल ( गोपाल, महिषपाल, किरातकाल) को सामाजिक तथा आर्थिक गतिविधि<br>- हाम्रा राष्ट्रिय विभूतिहरुको नाम, योगदान र सम्मान<br>- राष्ट्र प्रमूख तथा सरकार प्रमूखको परिचय र भूमिका |
| ७. | हाम्रो आर्थिक | - जिल्ला भित्रका व्यक्तिहरुले गर्ने सबै प्रकारका राम्रा |

| | | |
|---|---|---|
| | क्रियाकलाप | कामको सम्मान र सहयोग<br>- विद्यालयका सामग्रीहरुको प्रयोगमा मितव्ययिता र सदुपयोग<br>- स्वदेशमा उत्पादित तथा निर्मित वस्तुहरुको उपयोग<br>- आफ्ना देशमा संचालित आर्थिक क्रियाकलाप : कृषि, उद्योग, व्यापार, पर्यटन आदिको सामान्य परिचय |

## सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन

अनुसूची ८. सामुदायिक विद्यालयको सामाजिक विषयको पाठ्यवस्तु

| क.सं. | एकाई | शीर्षक | उपशीर्षक |
|---|---|---|---|
| १ | १ | आफू, आफ्नो परिवार र छरछिमेक | १.१ मेरा छिमेकीको पेशा<br>१.२ छिमेकीहरूसँगको व्यवहार<br>१.३ समुदायको काममा सहयोग<br>१.४ समान व्यवहार<br>१.५ अरूलाई पनि बुझौं |
| २ | २ | हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता | २.१ हाम्रो परम्परा<br>२.२ हाम्रो भाषा र भेषभुषा<br>२.३ हाम्रा चाडपर्वहरू<br>२.४ हाम्रो देश हाम्रो गौरव<br>२.५ हाम्रो जिल्लाका असल मानिस |
| ३ | ३ | सामाजिक समस्या र समाधान | ३.१ कुलतबाट बचौं र बचाऔं<br>३.२ चोरी, डकैती र यसबाट बच्ने उपाय<br>३.३ अनावश्यक नक्कल नगरौं |

| | | | |
|---|---|---|---|
| | | | ३.४ मेलमिलाप<br>३.५ सामाजिक संघसंस्था<br>३.६ हाम्रा स्थानिय निकाहरूको भूमिका |
| ४ | ४ | नागरिक चेतना | ४.१ हाम्रो अधिकार<br>४.२ हाम्रा कर्तव्यहरू<br>४.३ हाम्रो राष्ट्रिय सम्पदा<br>४.४ हाम्रा सामाजिक नियमहरू<br>४.५ जिल्ला विकास समिति<br>४.६ जिल्ला विकास समितिका कार्यहरू<br>४.७ समान व्यवहार र आपसी मेलमिलाप |
| ५ | ५ | हाम्रो पृथ्वी | ५.१ नेपालको प्राकृतिक स्वरूप<br>५.२ नेपालको हावापानी र जनजीवन<br>५.३ नेपालको प्राकृतिक वनस्पति<br>५.४ हाम्रो देशको माटो<br>५.५ नक्शा बनाउन सिकौं<br>५.६ नक्शामा संकेतहरू भरौं<br>५.७ ग्लोब र नक्शाको प्रयोग<br>५.८ हाम्रा छिमेकी देश वंगलादेश, पाकिस्तान र भुटान<br>५.९ हाम्रा छिमेकी राष्ट्र श्रीलंका, माल्दिभ्स र अफगानिस्तान |
| ६ | ६ | हाम्रो विगत | ६.१ हाम्रा समुदायका ऐतिहासिक वस्तुहरू<br>६.२ हाम्रा समुदायका ऐतिहासिक व्यक्तिहरू<br>६.३ प्राचीन नेपाल<br>६.४ हाम्रा राष्ट्रिय विभूतिहरू : जनक, सीता, बुद्ध, अरनिको, शंखधर र अंशुवर्मा |

| | | | |
|---|---|---|---|
| | | | ६.५ हाम्रा राष्ट्रिय विभूतिहरू : पृथ्वीनारायण, वलभद्र र अमर सिंह<br>६.६ हाम्रा राष्ट्रिय विभूतिहरू<br>६.७ हाम्रा राष्ट्र प्रमूख तथा सरकार प्रमूख |
| ७ | ७ | हाम्रो आर्थिक क्रियाकलाप | ७.१ डोल्माको जिल्लाका मानिसले गर्ने काम<br>७.२ विद्यालयका सामानहरू<br>७.३ स्वदेशी उत्पादन<br>७.४ स्वदेशी सामानहरूको प्रयोग<br>७.५ हाम्रो देशको आर्थिक क्रियाकलाप |

## सामाजिक विषयको पाठ्यवस्तुको मूल्याङ्कन

अनुसूची ९. संस्थागत विद्यालयको सामाजिक विषयको पाठ्यवस्तु

| क.सं. | पाठ | शीर्षक |
|---|---|---|
| १ | १ | हामी परिवारमा बस्छौं |
| २ | २ | हामी समुदायमा बस्छौं |
| ३ | ३ | हाम्रो रीतिरिवाज र परम्परा |
| ४ | ४ | हाम्रो साँस्कृतिक चालचलनहरू |
| ५ | ५ | हाम्रा आधारभुत अधिकार र कर्तव्यहरू |
| ६ | ६ | हाम्रा सामाजिक संघसंस्थाहरू |
| ७ | ७ | हामी नेपालका बासिन्दा हौं |
| ८ | ८ | हाम्रो देश |
| ९ | ९ | हाम्रा ऐतिहासिक राजाहरू |
| १० | १० | हाम्रो देशको प्रशासनिक बाँडफाँड |
| ११ | ११ | हाम्रा प्राकृतिक सम्पदाहरू |
| १२ | १२ | हाम्रो देशको कृषि |
| १३ | १३ | हाम्रो देशको उद्योग |

| | | |
|---|---|---|
| १४ | १४ | नेपालका साहसी वीरहरू |
| १५ | १५ | नक्शा कसरी बनाउने |
| १६ | १६ | हाम्रो पृथ्वी |
| १७ | १७ | पृथ्वीको चाल |
| १८ | १८ | सौर्य प्रणाली |
| १९ | १९ | संयुक्त राष्ट्रसंघ |
| २० | २० | सार्क राष्ट्रहरू |